ehetaudasandesh.com

हेटौंडा राष्ट्रिय दैनिक

सन्देश

प्रदेश 'क' वर्ग

Hetauda Sandesh Daily

वर्ष: २५ ॥ अंक: २८६ ॥ सोमबार २३ चैत २०८२ ॥ चतुर्थी ॥ ने.सं. ११४६ ॥ चौलागा ॥ Monday 06 April 2026 ॥ पृष्ठ : ४ ॥ मूल्य: रु.३/-

बागमती प्रदेश सभा बैठक चैत २४ गते बस्ने

सन्देश संवाददाता

हेटौंडा/बागमती प्रदेश सभा बैठक चैत २४ गते बस्ने भएको छ। आइतबार बसेको प्रदेश मन्त्रीपरिषद्को बैठकले आउँदो मंगलबार प्रदेश सभा बैठक बस्नेगरी अधिवेशन आव्हान गर्ने निर्णय गरिएको हो।

मन्त्रीपरिषद्को बैठक सार्वजनिक गर्दै प्रदेश सरकारका प्रवक्ता प्रभात तामाडले मंगलवार दिउँसो ४ बजे प्रदेश सभा बैठक बस्ने जानकारी दिएका हुन्।

यसअघि गत साउन २७ गते इन्द्रबहादुर बानियाँले विश्वासको मत लिनका लागि प्रदेश सभा बैठक बोलाएपछि हालसम्म बैठक बसेको थिएन। झण्डै ८ महिनापछि प्रदेश सभा बैठक बस्न लागेको हो।

आर्थिक संकटले थलिएको हेटौंडा सिमेन्ट उद्योगले पाउला पुर्नजीवन ?

सन्देश संवाददाता

हेटौंडा/सरकारी स्वामित्वमा सञ्चालन हुँदै आएको हेटौंडा सिमेन्ट उद्योग लिमिटेड पछिल्ला वर्षहरूमा गम्भीर आर्थिक संकट, व्यवस्थापन कमजोरी र कच्चा पदार्थ अभावका कारण थलिएको अवस्थामा पुगेको छ । कहिले सञ्चालन हुने र कहिले बन्द हुने अवस्थाले उद्योगको विश्वसनीयता मात्र होइन, समग्र औद्योगिक वातावरणमै नकारात्मक प्रभाव पारेको छ ।

उद्योग प्रशासनका अनुसार चालू आर्थिक वर्षमा उद्योग जम्मा पाँच दिन अर्थात् भदौ १९ देखि २४ गतेसम्म मात्र सञ्चालनमा आएको थियो । यस अवधिमा करिब २ हजार ५०० टन क्लिंकर र ६० हजार बोरा सिमेन्ट उत्पादन गरिएको थियो । हाल उद्योगसँग करिब १२ हजार बोरा सिमेन्ट मौज्दात रहेको सूचना अधिकारी हरेराम आचार्यले बताएका छन् ।

यस्तो न्यून उत्पादन र लामो समयसम्मको बन्द अवस्थाले उद्योगको बजार प्रतिस्पर्धा क्षमतामा समेत गिरावट आएको देखिन्छ । निजी क्षेत्रका सिमेन्ट उद्योगहरू तीव्र गतिमा विस्तार भइरहेका बेला सरकारी उद्योग भने अस्तित्व जोगाउने संघर्षमा छ ।

उद्योगले चैत १३ गतेदेखि

पुनः क्लिंकर उत्पादन प्रक्रिया सुरु गरेको भए पनि कोइलाको अभाव प्रमुख चुनौतीका रूपमा देखिएको छ । हाल मौज्दात रहेको कोइला ७/८ दिनका लागि मात्र पुग्ने बताइएको छ । सहायक प्रबन्ध निर्देशक भक्तिराम श्रेष्ठका अनुसार तीन हजार टन कोइला खरिदका लागि टेण्डर भइसकेको छ भने थप ६ हजार ५०० मेट्रिक टन कोइला आयात गर्ने प्रक्रिया अघि बढाइएको छ । तर, टेण्डर प्रक्रिया र आपूर्ति व्यवस्थापन ढिलो हुँदा उद्योग सञ्चालन निरन्तर राख्न कठिनाई हुने देखिन्छ ।

उद्योग हाल करिब १ अर्ब ३६ करोड रुपैयाँ दायित्वमा फसेको छ । यसमा कर्मचारीको तलब भत्ता, अवकाशप्राप्त कर्मचारीको बक्यौता, सरकारलाई तिर्नुपर्ने कर तथा दस्तुर, कोइला खरिद तथा ढुवानी खर्च, ढुंगा ढुवानी र दैनिक ज्यालादारी मजदुरको भुक्तानी समावेश छन् ।

उद्योगमा कार्यरत १ सय २६ स्थायी कर्मचारीले करिब १० महिनादेखि तलब पाएका छैनन् । यसबाहेक ज्यालादारी र करारका कामदारहरू पनि आर्थिक संकटमा छन् । उद्योग सञ्चालनका लागि चैत १२ गतेपछि दैनिक ज्यालादारीमा थप ५० जना कामदार नियुक्त गरिएको भए पनि तलब भुक्तानीको सुनिश्चितता अझै चुनौतीपूर्ण छ ।

उद्योग सञ्चालनमा अर्को ठूलो समस्या पुराना मेसिन र प्रविधि हुन् । उद्योगका धेरैजसो मेसिनहरू समयानुकूल छैनन्, जसले उत्पादन लागत बढाउने र दक्षता घटाउने काम गरेको छ । सहायक प्रबन्ध निर्देशक श्रेष्ठका अनुसार उद्योगलाई दीर्घकालीन रूपमा टिकाइराख्न दैनिक २ हजार ८ सय देखि ३ हजार मेट्रिक टन उत्पादन क्षमताको आधुनिक प्लान्ट आवश्यक छ । यसका लागि करिब १ अर्ब ६० करोड रुपैयाँ लागतको प्रस्ताव उद्योग मन्त्रालयमा पठाइ सकिएको छ ।

हाल बालेन्द्र शाह प्रधान-मन्त्री बनेपछि जीर्ण अवस्थामा रहेका उद्योगहरू सञ्चालन हुने अपेक्षा कर्मचारी र श्रमिकमा बढेको छ । शाहले यसअघि चुनावी अभियानका क्रममा देशभरका बन्द उद्योग पुनः सञ्चालन गर्ने प्रतिबद्धता जनाएका थिए । यही प्रतिबद्धताका कारण लामो समयदेखि संकटमा रहेको हेटौंडा सिमेन्ट उद्योगका कर्मचारीहरू पुनः सञ्चालन हुने आशामा छन् ।

यसअघि केपी ओली नेतृत्वको मन्त्रिपरिषदले हेटौंडा र उदयपुर सिमेन्ट उद्योगलाई निजीकरण गर्ने निर्णय गरेको थियो । तर, अहिलेको सन्दर्भमा उद्योगलाई आधुनिकीकरणसहित पुनः सञ्चालन गर्ने कि निजी क्षेत्रलाई जिम्मा दिने भन्ने विषयमा बहस पुनः चर्किएको छ । उद्योग सञ्चालनका लागि र स्वपाका स्थानीय नेताहरुले उद्योग परिसर सरसफाईसमेत गरेका छन्

अवदेखि सरकारी कार्यालयको समय बिहान ५ देखि साँझ ५ बजेसम्म

सन्देश संवाददाता

काठमाडौं/सरकारले सरकारी कार्यालयको समय बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म हुने निर्णय गरेको छ । आइतबार बसेको मन्त्रिपरिषद् बैठकले शैक्षिक संस्थाबाहेकका कार्यालयहरूको कार्यालय समय ९ देखि ५ बजेसम्म कायम गर्ने निर्णय गरेको हो ।

सरकारका प्रवक्ता एवं शिक्षामन्त्री सस्मित पोखरेलका अनुसार, उक्त समय शैक्षिक संस्थाबाहेकका सरकारी कार्यालयका हकमा लागू हुनेछ । 'शैक्षिक संस्थाबाहेक उल्लेखित कार्यालयहरूको कार्यालय समय ९ देखि ५ बजेसम्म कायम गरिएको छ,' पोखरेलले भने ।

हेटौंडामा सरकारी सेवा घरदैलोमा उपलब्ध गराउन हुलाकसँग छलफल

सन्देश संवाददाता

हेटौंडा/नेपाल सरकारले सार्वजनिक गरेका शासकीय सुधार सम्बन्धी एक सय कार्यसूची कार्यान्वयन गर्न जिल्ला प्रशासन कार्यालय मकवानपुरले सेवाग्राहीलाई घरदैलो सेवा उपलब्ध गराउन हुलाक कार्यालयसँग पहिलो चरणको छलफल गरेको छ ।

राज्यले सर्वसाधारणलाई घरदैलो सेवा प्रवाह गर्ने बुँदा नम्बर २७ लाई कार्यान्वयन गराउने उद्देश्यले हुलाक कार्यालयसँग समन्वयात्मक छलफल गरेको हो । प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीले जिल्ला हुलाक कार्यालय मकवानपुरका हुलाक अधिकृत रमेश लामिछानेसँग घरदैलो सेवाका लागि हुलाकको अत्यधिक र व्यावसायिक प्रयोगबारे छलफल गरेका थिए ।

सुरुमा जिल्ला प्रशासन कार्यालयबाट ५ सय वटा राहदानी सेवाग्राहीको हुलाक कार्यालयले घर मै पुऱ्याउन जाने प्रणाली व्यवस्थित गर्न लागेको प्रजिअ अधिकारीले बताए । यसका लागि हुलाक कार्यालयको हालको क्षमता तथा जनशक्ति, आवश्यक बजेट र

स्रोतसाधनबारे जानकारी लिँदै प्रजिअ अधिकारीले मकवानपुरका ९१ वटा सरकारी निकायका वितरणसँगै घरदैलो सेवा दिने योजनाबारे छलफल समेत गरिएको थियो ।

हुलाक कार्यालयका अधिकृत रमेश लामिछानेले हाल स्रोतसाधनको कमी तथा सुरक्षा संवेदनशीलताका कारण जिल्लाका अन्य पालिकामा तत्काल काम गर्न नसकिने भए पनि हेटौंडा उपमहानगरपालिकाभित्र भने आगामी वैसाखको सुरुवाटै घरदैलो सेवा गर्न सकिने बताए ।

हालको गतिलाई वृद्धि गर्दै हेटौंडा उपमहानगर क्षेत्रभित्रका कार्यालयमा एकैदिन र अन्य पालिकामा भोलिपल्टसम्म सेवा दिनुपर्ने प्रजिअ अधिकारीले बताए । राहदानीसँगै नागरिकता, राष्ट्रिय परिचयपत्र, सवारी चालक अनुमतिपत्र (लाइसेन्स) लगायतका अन्य सेवा समेत विस्तार गरी घर दैलो सेवामा परिणत गर्ने संघीय सरकारको तयारी रहेकोले हुलाक कार्यालयको क्षमता विकास तथा विस्तार गर्नुपर्ने उनले बताए ।

हुलाक कार्यालय मकवानपुरमा हाल ४६ जना कर्मचारी कार्यरत छन् । हाल जिल्लामा ९ वटा पालिका हुलाक, २ हुलाक काउन्टर र एउटा जिल्ला कार्यालय छ । हाल कार्यालयले दैनिक सरकारी कार्यालय तथा वैदेशिक पार्सल गरी १ सय चिट्ठीपत्र वितरण तथा ओसार-प्रसार गर्दै आएको छ । जिल्लाका सञ्चार माध्यमहरुलाई लोक कल्याणकारी विज्ञापन वितरणको समन्वय समेत गर्दै हुलाक कार्यालयले गर्दै आएको छ ।

सेनामा आकर्षण बढाउन हेटौंडामा कार्यशाला

सन्देश संवाददाता

हेटौंडा/नेपाली सेनाले भर्ना छनौटमा योग्य उम्मेदवारहरुको आकर्षण बढाउन भर्ना छनौट सम्बन्धि कार्यशाला आइतबार हेटौंडामा आयोजना गरेको छ। नेपाली सेना भर्ना छनौट निर्देशनालय कार्यथी विभाग जंगी अड्डाको आयोजना तथा गोरखबहादुर गण, सुपरेटारको समन्वयमा मध्यपूतना हेडक्वार्टर, हेटौंडामा कार्यक्रम भएको हो।

कार्यक्रममा निर्देशनालयका निर्देशक सहायक रथी रोज प्रताप ज.ब.रा. ले सबै योग्य नेपाली युवाहरुलाई भर्नाको लागि आव्हान गर्दै आवेदकको क्षमताको आधारमा निष्पक्ष छनौट हुने बताए। सेनाले पदपूर्तीको लागि आव्हान गरेको पदहरुमा आवेदकको संख्या बढाउन र योग्य उम्मेदवारहरुलाई भर्ना बारे जानकारी दिन 'भर्ना छनौट वर्कशप २०८२' आयोजना गरिएको गोरख बहादुर गण, सुपरेटारका प्रमुख गणपति प्रमुख सेनानी रवीन्द्र कुमार श्रेष्ठले बताए ।

कार्यक्रममा भर्ना छनौटका बारेमा निर्देशनालयका प्रमुख सेनानी निरज भण्डारी र गुणमापक परीक्षाका बारेमा प्रमुख सेनानी रवि केसीले प्रस्तुतिकरण दिएका थिए । कार्यक्रममा मध्यपूतनापति उपरथी विष्णु कुमार खड्का, नम्बर ७ बाहिनी अड्डा चनमनका सहायक रथी विक्रम गुरुङ, ६ नम्बरबाहिनी अड्डा, बैरेनीका सहायकरथी शुवासजंग थापा, नेपाल पत्रकार महासंघ बागमती प्रदेश अध्यक्ष कृष्ण सारु मगरसहित हेटौंडाक विभिन्न विद्यालयका विद्यार्थी तथा शिक्षक, सेवा निवृत्त सेनाका अधिकृतहरुको सहभागिता रहेको थियो ।

सरकारका एक सय कार्यसूचीले सहकारी पीडितलाई जगायो आशा

सन्देश संवाददाता

हेटौंडा/सरकारले सहकारीका साना बचतकर्ताहरूको बचत फिर्ताको प्रक्रिया सुरु गर्ने कार्यसूची सार्वजनिक गरेपछि कैलालीका सहकारी पीडितबीच आशा पलाएको छ । सहकारी नियामक निकायले बचत फिर्ता पाउने आस मारेका उनीहरूमा सरकारको १०० दिने कार्यसूचीमा रकम फिर्ता गर्ने कुरा परेकाले आशा जगाएको हो ।

चारवर्षदेखि डुबेको सहकारीबाट बचत फिर्ता नभएपछि सहकारी नियामले बचत फिर्ता गराउँछन् भन्ने आशा मारिसकेका थिए । चौमाला बचत तथा ऋण सहकारी संस्थाको मुद्दती खातामा रहेको पाँच लाख रुपैयाँ र बचत खातामा जम्मा गरेको दुई लाख ४७ हजार रुपैयाँ डुबेपछि चौमाला-१ गोप्काका संगल चौधरीले बचत फिर्ता पाउने आशा मरिसकेका थिए । नवगठित सरकारको कामको गति र १०० दिने कार्यसूची हेर्दा अब बचत फिर्ता हुन्छ कि भन्ने आस जागेको उनले बताए ।

कपडा सिलाएर आएको ५० हजार ५४१ रुपैयाँ बचत गरेकी गौरीगंगा-१ गोप्का चौराहाकी रितु चौधरीले पनि अबको सरकारले बचत फिर्ता गराउनेमा आशावादी भएको बताइन् । 'यो सरकारले बचत फिर्ता गराउँछ कि भन्ने आशा छ,' उनले भनिन्, 'तर, अहिलेको सरकार बनाउने पार्टीमा पनि सहकारी गठी गर्नेहरू छन् भन्ने सुनिन्छ । तर यो सरकारले आफ्नो अरुको नभनी काम गर्ने भनेकाले सहकारी पीडितको बचत फिर्ता गराउँदा राम्रो हुन्छ ।'

शिवशिखर बहुउद्देश्यीय सहकारी संस्थामा जम्मा गरेको ७० हजार रुपैयाँ बचत गुमाएकी धनगढी-५, पिपल चौताराकी शार दा भट्टले पनि बालेन सरकारप्रति आशावादी भएकी छन् । 'सरकारले १०० दिने कार्यसूचिमा बचत फिर्ता गराउने प्रक्रिया सुरु गर्ने भनेको छ,' उनले भनिन्, 'हामीले पहिले पनि धेरै ठाउँमा उजुरी दियौं । अदालतमा मुद्दा पुगेर पनि फैसला हुन सकेको छैन ।'

सञ्चालकका नजिकका व्यक्तिहरूलाई सहकारी ऐनविपरीत ऋण लगानी गरी डुबेपछि २०७८ मा बन्द भएको चौमाला बचत तथा ऋण सहकारीले गौरीगंगा नगरपालिकाका ४७ लाख ५४ हजार ३४८ रुपैयाँ बचत फिर्ता गरेको छैन । शिवशिखरले सुदूरपश्चिमका १२ हजार ३२ जना बचतकर्ताको एक अर्ब ३२ करोड ३७ लाख ३४ हजार रुपैयाँ बचत फिर्ता गरेको छैन ।

सरकारी तथ्यांकअनुसार प्रदेशमा दर्ता रहेका सहकारीका दुई लाख तीन हजार ७०३ जना सदस्य र एक लाख ९८ हजार २३ जना बचतकर्ताहरूले बचत आठ अर्ब १६ करोड ४३ लाख ३० हजार ७६७ रूपैयाँ बचत गरेका छन् भने सहकारीहरूले सात अर्ब ६९ करोड ९२ लाख ७५ हजार २९५ रूपैयाँ कर्जा प्रवाह गरेका छन् ।

सहकारी नियामक निकाय सहकारी अनुगमन तथा नियमनमा सक्रिय नहुँदा बचतकर्ताको बचत जोखिममा छ । स्थानीय, प्रदेश र संघीय गरी तीनै तहका सरकारलाई ऐनले सहकारी नियमनको अधिकार दिएको भए पनि प्रदेश र स्थानीय सरकारले सोहीअनुसार जनशक्ति व्यवस्थापन गरी ऐन लागू गराउन सक्रिय नभएकाले सहकारी संस्थाहरूले आफ्नुखुसी कारोबार गर्दै आएको अर्थ तथा शिक्षाविद् डा. हेमराज पन्त बताउँछन् ।

मतदाता नामावली संकलन सुरु हुँदै

सन्देश संवाददाता

हेटौंडा/प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि स्थगित गरिएको मतदाता नामावली संकलनको काम आजदेखि सुरु हुने भएको छ । निर्वाचन आयोगले प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि भन्दै गत मंसिर ६ गतेदेखि नामावली संकलन कार्य स्थगित गरेको थियो । आयोगको यही चैत १८ को बैठकले मतदाता नामावली संलनको काम सुरु गर्ने निर्णय गरेको हो ।

स्थगित उक्त कार्यक्रम आजदेखि पुनः सञ्चालन गर्न लागिएको आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए । आयोगले राष्ट्रिय परिचयपत्र नम्बर प्राप्त गरेका नेपाली नागरिकले आफ्नो राष्ट्रिय परिचयपत्रको विवरणमार्फत् मतदाता नामावलीमा अनलाइन प्रणालीबाटै नाम दर्ता गर्न सक्ने व्यवस्था मिलाइएको आयोगले जनाएको छ ।

राष्ट्रिय परिचयपत्र प्रणालीमा आबद्ध नभएकाहरूको हकमा आयोगको 'प्रि इनरोलमेन्ट' प्रणाली मार्फत् अनलाइन फारम भर्नुपर्नेछ । आफ्नो फोटो तथा औंठाछाप्सहितको जैविक विवरण प्रदेश तथा जिल्ला

निर्वाचन कार्यालयमा आवेदक स्वयं भौतिकरूपमा उपस्थित हुनुपर्नेछ ।

मतदाता नामावलीमा रहेको वृटि सच्याउने, दोहोरो नाम हटाउने, मृत्यु तथा बसाईसराइको विवरण अद्यावधिक गर्नेलगायतका कार्यका लागि समेत अनलाइन माध्यमबाट आवेदन गर्न सकिने व्यवस्था मिलाइएको प्रवक्ता भट्टराईले जानकारी दिए ।

यसैरी मतदाता नामावली मा नाम थर, ठेगाना सच्याउने, एकै वडाभित्र दुई वा सोभन्दा बढी मतदानस्थल रहेको भए मतदातालाई पायक पर्ने स्थानमा नाम सार्ने, नागरिकताअनुसारको विवरण नभई अन्यथा भएको भए नागरिकताअनुसार पनि सच्याउन सकिनेछ । आयोगले मतदाता नामावली संकलन प्रक्रियामा सक्रिय सहभागिताका लागि आग्रहसमेत गरेको छ ।

शिक्षा मन्त्रालयले भन्यो नयाँ शैक्षिकसत्र प्रारम्भ

सन्देश संवाददाता

शिक्षा/विज्ञान तथा प्रविधि मन्त्रालयले देशका केही संस्थागत विद्यालयले शिक्षा विनियमावली र सर्वोच्च अदालतको आदेशको उल्लंघन गरी शैक्षिकसत्र २०८३ प्रारम्भ हुनुपूर्व नै विद्यार्थी भर्ना गर्ने र भारी शुल्क असुली गरेको सप्रमाण तथ्यहरू बाहिरिएका सम्बन्धमा आफ्नो गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

मन्त्रालयले आइतबार विज्ञप्ति जारी गर्दै सबै विद्यालय हरूबाट उल्लेखित कानुनी व्यवस्था तथा सर्वोच्च अदालतको आदेश अनुसार नयाँ शैक्षिकसत्र प्रारम्भ भएपछि मात्र विद्यार्थी भर्ना गर्न गराउन आग्रह गरेको हो ।

साथै, संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका २०७२ द्वारा निर्धारितबाहेक अन्य शुल्क संकलन नगर्ने व्यवस्था मिलाउन अनुरोध गरिएको छ ।

मन्त्रालयले कुनै पनि विद्यालयबाट यस्ता गैरकानुनी काम हुन नदिई अभिभावहरूबाट कानुनविपरीत ढंगले असुल गरिएको भर्ना शुल्क रकम सम्बन्धितलाई फिर्ता गराने कानुनी प्रक्रिया अगाडि बढाउन सम्बन्धित सबै स्थानीय तहहरूलाई अनुरोध पनि गरेको छ ।

'देशका विभिन्न जिल्लाका केही संस्थागत विद्यालयहरूले शिक्षा विनियमावली, अन्तर्गतको कानुनी व्यवस्था तथा सम्मानित सर्वोच्च अदालतको यही २० चैतको आदेश उल्लंघन गरी शैक्षिकसत्र २०८३ प्रारम्भ हुनुपूर्व नै विद्यार्थी भर्ना गर्ने र भारी शुल्क असुली गर्ने गरेका सप्रमाण तथ्यहरू बाहिरिएका सम्बन्धमा यस मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ,' विज्ञप्तिमा भनिएको छ ।

तोकिएको समयभित्र शुल्क फिर्ता नगर्ने विद्यालयलाई शिक्षा ऐनलगायत अन्य प्रचलित कानुनबमोजिम कारवाही हुन सक्नेतर्फसमेत मन्त्रालयले सचेत गराएको छ । मन्त्रालयले विद्यालय सञ्चालनजस्तो गरिमामय र जिम्मेवार प्रणालीमा यस्ता गैरकानुनी कार्यहरू अशोभनीय हुने मात्र नभई दण्डनीयसमेत हुनेतर्फ विद्यालयहरू स्वयम् सजग हुनुपर्ने ध्यानाकर्षण गराएको छ ।

सात महिनामा चार सय ९७ विद्युतीय गाडी भित्रिए

सन्देश संवाददाता

वीरगन्ज/वीरगन्ज नाका हुँदै चालू आर्थिक वर्षको सात महिनामा एक अर्ब ४८ करोड ६४ लाख मूल्य पर्ने चार सय ९७ वटा विद्युतीय जिप, कार र भ्यान आयात भएको छ ।

ती विद्युतीय सवारीसाधनको आयातबाट कार्यालयले ९६ करोड ३६ लाख राजस्व संकलन गरेको छ। जबकि गत आवको सोही अवधिमा भने ४३ करोड एक लाख मूल्य पर्ने एक सय ६५ वटा विद्युतीय, जिप, कार र भ्यान आयात भएको छ । ती सवारीसाधनको आयातबाट कार्यालयले ३५ करोड ५० लाख राजस्व संकलन गरेको थियो ।

वीरगन्ज भन्सार कार्यालयका



सूचना अधिकारी उदयसिंह विष्टका अनुसार गत आवको सात महिनाको तुलनामा विद्युतीय सवारीसाधनको आयात ह्वात्तै बढेको छ । चालु आवको सात महिनामा ८० करोड ५७ लाखका मूल्यका हजार एक सय २८ वटा विद्युतीय मोटरसाइकल आयात भएको छ । जबकि गत आवको सोही अवधिमा भने ४४ करोड तीन लाख मूल्यका तीन हजार ३७४ वटा विद्युतीय मोटर साइकल आयात भएको थियो ।

चालु आवको सात महिनामा एक अर्ब १५ करोड १३ लाखका छ सय नौ वटा इन्धनबाट चल्ने जिप, कार र भ्यान आयात भएको छ । ती सवारीसाधनको आयातबाट कार्यालयले दुई अर्ब ८६ करोड राजस्व संकलन गरेको छ । जबकि गत आवको सात महिनामा भने एक अर्ब ५० करोड मूल्यका सात सय ४८ वटा इन्धनबाट चल्ने जिप, कार र भ्यान आयात भएको थियो ।

सो आवमा इन्धनबाट चल्ने सवारीसाधन आयातबाट तीन अर्ब ७३ करोड राजस्व संकलन भएको थियो । कार्यालयले चालु आवको सात महिनामा २३ अर्ब ५७ करोड मूल्यका सवारीसाधन तथा पार्टपुर्जा भित्रिएका छन्। जबकि गत आवको सात महिनामा १७ अर्ब १५ करोड मूल्यका सवारीसाधन र पार्टपुर्जा आयात हुँदा १३ अर्ब २६ करोड राजस्व संकलन भएको थियो ।

उखान: राम राम सीता पोइ, मर्ने बेला कोही न कोही ।

।।।। बेलाको बोली ।।।।

एउटा उत्कृष्ट कुरा सिंहबाट सिक्न सकिन्छ, जो व्यक्ति जे पनि गर्न चाहन्छ, त्यसलाई मनबाटै र जोडदार प्रयासका साथ गर ।

- चाणक्य

सम्पादकीय

सहकारीको सुधार आवश्यक

गत चैत २० गते नेपालमा राष्ट्रिय सहकारी दिवस भव्यरूपले मनाईयो । वि.सं २०१३ चैत २० गते पहिलो सहकारी स्थापना भएको दिनको स्मरणमा यो दिवस मनाउने गरिन्छ । यस सन्दर्भमा नेपालमा सहकारी क्षेत्रले पुऱ्याएको योगदानको यथोचित समीक्षा गर्दै यस क्षेत्रमा बढ्दै गएका बेथितिहरुको गम्भीर विश्लेषण गर्नु आवश्यक छ । राज्यले सहकारीलाई मुलुकको तीन खम्बे अर्थनीतिको एक अंगका रुपमा स्वीकार गरे पनि व्यवहारमा यसलाई प्रभावकारीरुपमा परिचालन गर्न सकिएको छैन । फलस्वरुप, न कुल गार्हस्थ उत्पादनमा सहकारी क्षेत्रको योगदान सन्तोषजनकरुपमा वृद्धि हुन सकेको छ, न त यसलाई आम जनताको जीवनस्तर सुधारको ठोस आधार बनाउन सकिएको छ ।

बरु, सहकारी क्षेत्रमा मौलाउँदै गएको बेथिति अहिले राज्यकै चुनौतीका रुपमा उभिएको छ । त्यसैले सहकारी दिवसको अवसरमा यी विकृतिहरुको चिरफार गर्दै यस क्षेत्रलाई राष्ट्रिय अर्थतन्त्रको सबल आधार कसरी बनाउने भन्ने विषयमा छलफल गर्नु अपरिहार्य देखिन्छ । विभिन्न अध्ययनहरुका अनुसार सहकारी क्षेत्रले कुल गार्हस्थ उत्पादन (जिडिपी) मा करिब तीनदेखि पाँच प्रतिशतसम्म योगदान दिएको देखिन्छ, जुन यसको व्यापक विस्तारको तुलनामा निकै न्यून हो । देशभर करिब तीस हजारदेखि पैंतीस हजारसम्म सहकारी संस्था सञ्चालनमा रहेका छन् र लाखौं नागरिक कुनै न कुनै रुपमा यससँग आबद्ध छन् ।

यस पृष्ठभूमिमा सहकारी क्षेत्रको सुधारका लागि सबैभन्दा पहिले सहकारिताको मूल सिद्धान्तअनुसार सञ्चालन हुने वातावरण सुनिश्चित गर्नुपर्छ । सहकारीलाई सीमित व्यक्तिको स्वार्थपूर्तिको माध्यम बन्न नदिई सदस्यकेन्द्रित, पारदर्शी र उत्तरदायी बनाइनु अत्यावश्यक छ । त्यसका लागि कडा र प्रभावकारी नियमन तथा नियमित अनुगमनको व्यवस्था गर्दै अनियमिततामा संलग्नहरुलाई निष्पक्ष कारवाही गर्नुपर्छ । सहकारीलाई बचत तथा ऋणमा मात्र सीमित नराखी उत्पादन, रोजगारी श्रृजना र बजारीकरणसँग जोड्दै अर्थतन्त्रको वास्तविक आधारका रुपमा विकास गर्नुपर्छ । साथै राज्य, निजी र सहकारी क्षेत्रबीच समन्वय र सन्तुलन कायम गर्दै सहकारीप्रति जनविश्वास पुनःस्थापित गर्ने दीर्घकालीन नीति र त्यसको प्रावकारी कार्यान्वयन अपरिहार्य बनेको छ ।

मकवानपुरमा आज

१: नेपाल उद्योग वाणिज्य महासंघको ९ औं साधारण सभा कार्यक्रम दिनको ३:०० बजे ।

तपाईको आज

मेष काम थाल्ने र पछिका लागि सम्भावना खोजी गर्ने समय छ । आजको महिनेतले भविष्यमा नाम र प्रतिष्ठा दिलाउन सक्छ ।

वृष स्वास्थ्य सबल रहनेछ भने शत्रुहरू परास्त हुनेछन्। व्यापारलगायत आर्थिक लाभ हुने काम प्रारम्भ हुनेछ। महत्त्वा कांक्षी कार्य शुभारम्भ गर्ने समय छ।

मिथुन रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्नेछ । मिहिनेतको परिणामले आत्मविश्वास बढाउनेछ । विशेष अवसरले प्रसन्नता दिलाउनेछ

कर्कट अवसरले आत्मबल बढ्नेछ र काममा सफलता प्राप्त हुनेछ। छोटो समयमा फाइदा लिन सकिनेछ। अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ

सिंह स्वास्थ्य कमजोर रहनाले सोचेको उपलब्धि तत्काल नपाइएला रोकिएका काममा दोहोऱ्याएर प्रयत्न गर्नुपर्ला । सोचेको समयमा काम नबन्न सक्छ ।

कन्या आफन्त र परिवारजनलाई धेरै समय दिनुपर्ने हुन सक्छ । आश्वासन दिनेहरूले प्रतिबद्धता पूरा नगर्न विश्वास गर्दा धोका हुन सक्छ ।

तुला आफ्ना सूचना बाहिरिने समय पुऱ्याउनुहोला । उपलब्धिका लागि केही समय प्रतीक्षा गर्नुपर्ला समस्या दर्साउँदा सहयोगीहरूको साथ पाइनेछ

वृश्चिक आफन्त र परिवारजनलाई धेरै समय दिनुपर्ने हुन सक्छ । आश्वासन दिनेहरूले प्रतिबद्धता पूरा नगर्न विश्वास गर्दा धोका हुन सक्छ ।

धनु मनोरञ्जनको समय छ प्रियजन सँगको भेटले रमाइलो हुनेछ । शुभ चिन्तकको सहयोग प्राप्त हुनेछ प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ

मकर अध्ययनमा प्रगति हुनेछ भने ज्ञान र कलामा निखारता आउनेछ । चिताएको काम सम्पादन हुनेछ । पहिलेका कमजोरीलाई सुधार्ने मौका छ

कुम्भ आजको दिन निकै उत्साहजनक रहनेछ। प्रतिस्पर्धामा विजयी भइनेछ भने द्वेष तथा ईर्ष्या गर्नेहरूले पन्छाएर पनि काम बनाउन सकिनेछ।

मिन मिहिनेतले मनग्य लाभ दिलाउनेछ। मान-सम्मान प्राप्त हुनेछ। सम्पादित कामबाट धन लाभ हुनेछ आम्दानीका काममा सम्झौता गर्ने समय छ।

हाम्रो सम्पर्क ठेगाना
हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०८५०२३६, समाचार शाखा : ९८४५०२१८०३
विज्ञापन शाखा : ९८६५०४९१३३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

कृषि अनुदानमा भरतपुर मोडल

पदम भण्डारी



दशकौंदेखि नेपालको कृषि नीतिको मेरुदण्डका रूपमा रहेको अनुदान कति प्रभावकारी छ ? प्राय: यो प्रश्न राजधानीका गोष्ठीहरुमा सीमित हुन्छ । तर, भरतपुर महानगरपालिकाले भने यसको जवाफ मैदानमा उत्रिएर दिएको छ । हालै सम्पन्न एक अन्तर्राष्ट्रिय अनुसन्धानले भरतपुरको कृषि अनुदान मोडेललाई सुशासन र सामाजिक पूर्वाधारको उत्कृष्ट प्रयोगशालाकारूपमा चित्रण गरेको छ ।

लिकन युनिभर्सिटी कलेज, मलेसियाका विद्यावारिधि अनुसन्धनता पदमलाल भण्डारीले १ सय ९६ मुलुकको तथ्यांक र भरतपुरका ७२ किसान तथा १० जना सरोकारवालासँगको अन्तर्वार्ताका क्रममा तयार पारेको प्रतिवेदनले कृषि अनुदानको सफलतामा सुशासन नै सबैभन्दा ठूलो मोडरेटर रहेको निष्कर्ष निकालेका छन् । अनुसन्धानअनुसार, भरतपुरमा डिजिटल प्रणाली र बहुस्तरीय अनुगमनले भ्रष्टाचारको सम्भावना शून्य बनाएको छ । प्रतिवेदनमा उल्लेख गरिएअनुसार, अनुसन्धानमा सहभागी शतप्रतिशत किसानले अनुदान लिन कुनै घुस वा सिफारिस माग नभएको बताएका थिए। यस्तै, ९०.२ प्रतिशत किसानले सरकारी कोषको उपयोगमा पूर्ण वा आंशिक विश्वास व्यक्त गरेका छन् ।

यो सफलताको जगमा पनि एउटा गम्भीर विरोधाभाष देखिएको छ । प्रतिवेदनले शक्तिशालीको हातमा लाभ केन्द्रित हुने प्रवृत्ति अर्थात् एलाइट क्याप्चरको नयाँरूप पहिचान गरेको छ। भ्रष्टाचार अन्य स्पष्टरूपमा भए पनि सूचना र प्रक्रियागत पहुंचका कारण सूक्ष्म कब्जा कायमै रहेको देखिन्छ। प्रतिवेदनअनुसार ३०.६ प्रतिशत किसानले राजनीतिक प्रभावका आधारमा अनुदान वितरण हुने गरेको अनुभूति गरेका छन् ।

भरतपुरको मोडेलको सबैभन्दा बलियो पक्ष भनेको सहकारी संस्थाहरूको भूमिका हो । अनुसन्धानका अनुसार, सहकारीमा आबद्ध किसानको अनुदान अनुभव गैरसहकारी किसानको तुलनामा ४० देखि ९० प्रतिशतसम्म सकारात्मक छ । सहकारीमा नभएका किसानले अनुदानको जानकारी, पहुँच र न्यायोचित वितरणको मापनमा २.३ देखि २.८ स्कोर पाएका थिए भने सहकारीका सदस्यहरूको स्कोर ३.५ देखि ४.७ को बीचमा रहेको ।

प्रतिवेदनको सबैभन्दा व्यावहारिक सुझाव भनेको अनुदान रकमको न्यूनतम सीमा (थ्रेसहोल्ड) पहिचान हो । हाल भरतपुरमा प्रतिकिसान औसत २४ हजार ५ सय रुपैयाँ अनुदान जान्छ । तर, अनुसन्धानकर्तृ र नीतिनिर्माताहरूको सहमति अनुसार, अनुदानले किसानको जीवनस्तर मात्र नभई उत्पादन क्षमता बढाउन (जस्तै सिँचाइ पम्प, गुणस्तरीय बीउ) वार्षिक ४० हजार रुपैयाँ आवश्यक पर्छ ।

यो अनुसन्धानले भरतपुरको उच्च सुशासन स्कोर (७६.२ प्रतिशत) ले ठोस नतिजा दिएको पुष्टि गरेको छ । तर, यसले यो पनि देखाएको छ कि डिजिटल प्रणाली र सुशासन मात्र पर्याप्त छैन । अन्तिम व्यक्तिसम्म अनुदान पुग्न सहकारीजस्ता सामाजिक संरचना र पहुँचयोग्य गुनासो संयन्त्र उत्तिकै आवश्यक छन्। भरतपुर मोडेलको सिकाइ सिंगो देशका लागि एउटा महत्वपूर्ण पाठ बनेको छ ।

भरतपुर महानगरपालिका नेपालको स्थानीय सरकारहरूमध्ये उत्कृष्ट प्रदर्शन गर्ने निकाय हो। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग (एनएनआरएफसी) को मूल्यांकनमा भरतपुरले लगातार तीन वर्ष ७६.२ प्रतिशत स्कोरसहित प्रथम स्थान हासिल गरेको छ। विशेषगरि 'बेरुजु' सुचकांकमा भरतपुरले १५ मध्ये १४.९६ अंक प्राप्त गरेको छ, जुन अभूतपूर्व मानिन्छ । यसको अर्थ सार्वजनिक कोषको उपयोगमा भरतपुरले उत्कृष्ट पारदर्शिता कायम गरेको छ ।

अनुसन्धान प्रतिवेदनका अनुसार, भरतपुरमा डिजिटल प्रणाली र बहुस्तरीय अनुगमनले भ्रष्टाचारको सम्भावना लगभग शून्य बनाएको छ। प्रतिवेदनमा उल्लेख गरिएअनुसार, अनुसन्धानमा सहभागी शतप्रतिशत किसानले अनुदान लिन कुनै घुस वा सिफारिस माग नभएको बताएका थिए। यो तथ्यले नेपालजस्तो मुलुकमा, जहाँ सेवा प्रवाहमा घुस माग्ने प्रवृत्ति आमरूपमा व्याप्त छ, भरतपुरलाई एउटा उज्यालो उदाहरणका रूपमा स्थापित गरेको छ। यस्तै, ९०.२ प्रतिशत किसानले सरकारी कोषको उपयोगमा पूर्ण वा आंशिक विश्वास व्यक्त गरेका छन् । अन्य स्थानीय निकायको तुलनामा भरतपुरको प्रशासनलाई ९५.८ प्रतिशत किसानले उत्कृष्ट वा राम्रो ठानेको पाइएको छ । प्रतिवेदनले यसलाई डिजिटल फायरवालको संज्ञा दिएको छ, जहाँ अनलाइन पोर्टल, अद्वितीय आवेदन आइडी र मासिक लेखापरीक्षणले नक्कली किसानहरूको प्रवेश रोकेको छ ।

प्रतिवेदनको सबैभन्दा व्यवहारिक र नीति-निर्माणका लागि महत्वपूर्ण सुझाव भनेको अनुदान रकमको न्यूनतम सीमा पहिचान हो। विश्वव्यापी मात्रात्मक विश्लेषणले अनुदान र उत्पादनबीच अमिल्दो आकारको सम्बन्ध रहेको देखाएको थियो, सानो अनुदानले उत्पादन बढाउँदैन, निश्चित सीमा पार गरेपछि मात्र प्रभाव देखिन्छ । प्रतिवेदनले एउटा रोचक विरोधाभास पनि पहिचान गरेको छ। विश्वव्यापी तथ्यांकले देखाएको छ, कृषि अनुदानले कूल उत्पादन त बढाउँछ, तर, प्रतिहेक्टर उत्पादकत्व भने स्थिर वा घट्दो रहन्छ । यसको व्याख्या भरतपुरमा पनि देखिएको छ, अनुदानको प्रभावले किसान नयाँ जमिनमा खेती विस्तार गर्न उत्साहित हुन्छन्, तर, प्रतिएकाइ उत्पादनमा खासै वृद्धि हुँदैन। भरतपुरका ५० प्रतिशत किसानले १० देखि २५ प्रतिशत उत्पादन वृद्धि भएको बताएका छन्, तर, यो वृद्धि मुख्यत: खेती क्षेत्र विस्तारका कारण भएको देखिन्छ । यसले देखाउँछ कि अनुदानले प्रविधि र उत्पादकत्व वृद्धिमा भन्दा परम्परागत खेती विस्तारमा बढी प्रोत्साहन दिएको छ ।

यो अनुसन्धानले भरतपुरको उच्च सुशासन स्कोर (७६.२ प्रतिशत) ले ठोस नतिजा दिएको पुष्टि गरेको छ । डिजिटल प्रणाली, बहुस्तरीय लेखापरीक्षण र राजनीतिक इच्छाशक्तिले भ्रष्टाचार रोकेको छ र किसानमा विश्वास जगाएको छ । तर, यसले यो पनि देखाएको छ कि डिजिटल प्रणाली र सुशासन मात्र पर्याप्त छैन । अन्तिम व्यक्तिसम्म अनुदान पुग्न सहकारीजस्ता सामाजिक संरचना र पहुँचयोग्य गुनासो संयन्त्र उत्तिकै आवश्यक छन्। जसरी प्रतिवेदनमा भनिएको छ, 'उच्च सुशासनले आधार तयार पार्छ, तर, अन्तिम मानिससम्म सेवा पुग्न सामाजिक पूर्वाधारको आवश्यकता हुन्छ ।' भरतपुरका साना किसान (६३ प्रतिशत लाभांशकर्ता) ले कूल बजेटको ४२ प्रतिशत मात्र पाउँछन्। उनीहरूको आवाज नीति निर्माणमा सुनिँदैन, उनीहरूको गुनासो औपचारिक संयन्त्रमसम्म पुग्दैन । यो चुनौती सुशासन मात्रले समाधान गर्न सक्दैन ।

प्रतिवेदनले कृषि अनुदानलाई थप प्रभावकारी बनाउन १० वटा महत्वपूर्ण सिफारिस अघि सारेको छ । सर्वप्रथम, हाल प्रतिकिसान औसत २४ हजार ५ सय रुपैयाँ रहेको अनुदानलाई बढाएर न्यूनतम ३५ हजार पुऱ्याउनुपर्नेमा जोड दिइएको छ, जसले मात्र अनुदान आम्दानी सहायताबाट लगानी पुँजीमा रुपान्तरित हुन सक्छ । दोस्रो, साना किसानलाई लक्षित गरि मोबाइल प्राविधिक टोली परिचालन र सरलीकृत आवेदन प्रक्रिया लागू गर्न सिफारिस गरिएको छ । तेस्रो, पारदर्शितालाई कार्यालयको सूचना पाटीमा मात्र सीमित नराखी बजार र सहकारीजस्ता सामुदायिक स्थानमा पुऱ्याउनुपर्ने उल्लेख छ । चौथो, हाल ८४ प्रतिशत किसानले प्रयोग गर्न नसकेको गुनासो संयन्त्रलाई सचेतना अभियान र बहुविधि सञ्चार च्यानलमार्फत् सबैका लागि पहुँचयोग्य बनाउनु पर्नेमा विशेष जोड दिइएको छ ।

पाँचौं सिफारिसमा नीति निर्माण तहमा साना किसानको आवाज समावेश गर्न बहुस्तरमा मोबाइल फोरम र अनौपचारिक छलफल सञ्चालन गर्नुपर्ने उल्लेख छ । छैटौं, अनुदान वितरणको मेरुदण्डकारूपमा रहेका सहकारी संस्थाको प्रशासनिक क्षमता अभिवृद्धिका लागि तालिम र प्रविधि सहायता उपलब्ध गराउनुपर्ने सुझाव दिइएको छ । सातौं, एकै प्रकारको नीति सबै ठाउँमा नथोपरेर स्थानीय सन्दर्भअनुसार कार्यक्रम डिजाइन गर्नुपर्नेमा जोड छ, जस्तै निकुञ्ज प्रभावित क्षेत्र (बफर जोन) मा वन्यजन्तु संरक्षणका उपाय तथा सुक्खा क्षेत्रमा सिंचाइ पूर्वाधार निर्माण ।

आठौं सिफारिसमा ४७.२ प्रतिशत किसानले मुख्य समस्या बताएको पानीको व्यवस्थापन अर्थात् सिंचाइ पूर्वाधारमा प्राथमिकताका साथ लगानी गर्नुपर्ने उल्लेख छ । नवौं, भरतपुरमा सफल भइसकेको प्रतिलिटर ४ रुपैयाँ दूध अनुदानजस्ता उत्पादनमा आधारित मोडेललाई अन्य क्षेत्रमा समेत विस्तार गर्न सुझाइएको छ । दशौं तथा अन्तिम सिफारिसमा प्रविधि हस्तान्तरणको सीमाबारे सचेत रहनुपर्ने औंल्याइएको छ, डिजिटल प्रणाली मात्र समाधान होइन, संस्थागत संस्कार, राजनीतिक नेतृत्व र सामाजिक पुंजी पनि उत्तिकै आवश्यक तत्व हुन् ।

भरतपुरको मोडेलले देखाएको छ कि राम्रो सुशासनले भ्रष्टाचार रोक्छ र विश्वास जगाउँछ । तर, त्यो मात्र पर्याप्त छैन। अनुदानको सफलताको वास्तविक मापदण्ड भनेको कति ठूलो बजेट होइन, कति समावेशीढंगले त्यो बजेट अन्तिम किसानसम्म पुग्छ भन्ने हो । सहकारीमा आबद्ध किसानले सहज पाएको सूचना, पहुँच र न्याय, गैर-सहकारी किसानका लागि अझै दुर्लभ छ । कागजमा उत्कृष्ट देखिने गुनासो संयन्त्र, सबैभन्दा कमजोर किसानका लागि अझै अदृष्य छ । भरतपुरका किसानले देखाएका छन्, सुशासन सम्भव छ । अब चुनौती भनेको त्यो सुशासन सबै किसानको पहुँचमा, सहकारीको छातामुनि मात्र होइन मैदानमा एकलै संघर्ष गरिरहेका किसानसम्म पुऱ्याउने हो । भरतपुर मोडेलको सिकाइ सिंगो देशका लागि एउटा महत्वपूर्ण पाठ बनेको छ ।

साभार : कारोबार दैनिक

बलियो विद्यालय संस्कृति

रविप्रसाद बराल

विद्यालय राष्ट्रको शैक्षिक संरचनाको केन्द्र हो । शिक्षाबिना समाज उज्यालो र परिष्कृत बन्न सक्दैन । कुनै पनि देशलाई कमजोर बनाउने सबैभन्दा सजिलो उपाय त्यहाँको शिक्षा प्रणालीलाई कमजोर पार्नु हो भन्ने प्रचलित भनाइ छ । यसले शिक्षाको शक्ति र यसको दूरगामी प्रभावलाई स्पष्ट पार्छ । विद्यालयभित्र देखिने सोच, विश्वास, मूल्य, व्यवहार र आपसी सम्बन्धको समग्र स्वरूप नै विद्यालय संस्कृति हो । यो केवल कक्षाकोठाको पढाइ वा भवन-पूर्वाधारमा सीमित हुँदैन । शिक्षक-विद्यार्थीको सम्बन्ध, नेतृत्वको शैली, अभिभावकको सहभागिता र समुदायसंगको सहकार्यले निर्माण हुने जीवन्त अभ्यास नै वास्तविक विद्यालय संस्कृति हो ।

अमेरिकन लेखकद्वय टेरेन्स ई. डिल र केन्ट डी.पिटर्सनका अनुसार, विद्यालय संस्कृति नै विद्यालयको आत्मा हो, जसले व्यवहार, निर्णय र सिकाइको वातावरणलाई निर्देशित गर्छ । उनीहरूका अनुसार साझा विश्वास, परम्परा, प्रतीक र अर्थहरूले विद्यालयका सदस्यको सोच र व्यवहार-लाई दिशा दिन्छन् । जहाँ पारदर्शिता, सम्मान, जिम्मेवारी र सहकार्यको वातावरण हुन्छ, त्यहाँ सकारात्मक विद्यालय संस्कृति विकास हुन्छ। सुदृढ विद्यालय संस्कृतिले शिक्षाको गुणस्तर उकास्नुका साथै व्यक्तित्व विकास, नैतिक मूल्य र नेतृत्व क्षमताको आधार तयार गर्छ । बलियो विद्यालय संस्कृति केवल संस्थागत विशेषता होइन, राष्ट्र निर्माणको दीर्घकालीन आधारशिला हो ।

नेपालमा दरबार हाइस्कूलमा परम्परा र अनुशासनको निरन्तरता देखिन्छ भने गण्डकी बोर्डिङ स्कूल र बुढानिलकण्ठ स्कूलमा अन्तर्राष्ट्रिय दृष्टिकोण र नेपाली मूल्यबिच सन्तुलन पाइन्छ । सगरमाथा माध्यमिक विद्यालय (खोटाड) मा समुदायको सक्रिय सहभागितालेे शिक्षा र संस्कृतिलाई एकीकृत गरेको छ । यी केही उदाहरणले सशक्त विद्यालय संस्कृति नै उत्कृष्ट शिक्षाको वास्तविक आधार हो भन्ने पुष्टि गर्छन् ।

विद्यालय संस्कृति निर्माण :

विद्यालय संस्कृति नेतृत्वको केन्द्रबिन्दु हो । प्राचार्यले आफ्नो दृष्टिकोण, नीति र व्यवहार मार्फत् उदाहरणीय भूमिका निर्वाह गर्दा सकारात्मक संस्कृति निर्माण हुन्छ । टेरेन्स ई. डिल र केन्ट डी. पिटर्सनका अनुसार प्राचार्य नै विद्यालय संस्कृतिका मुख्य निर्माता हुन् । प्रेरणादायी र सहभागी नेतृत्वले शिक्षक र विद्यार्थीलाई उत्साहित बनाउँछ । विद्यालय संस्कृति केवल शिक्षण वा पूर्वाधारमा सीमित छैन । यो विद्यालयको आत्मा हो र प्राचार्य त्यसका प्रेरक र परिवर्तनकारी चालक हुन् । विद्यालय संस्कृति निर्माणमा शिक्षकको भूमिका महत्वपूर्ण हुन्छ । शिक्षकहरूले आफ्नो व्यवहार, शिक्षण शैली, मूल्य दृष्टिकोण र विद्यार्थीसँगको सम्बन्धमार्फत् विद्यालयको वातावरणलाई दैनिकरूपमा आकार दिन्छन् । उनीहरू नै संस्कृतिका मुख्य वाहक हुन्। अनुशासन, सहयोग, सहानुभूति र प्रेरक सम्बन्धमार्फत् सशक्त सिकाइ र समावेशी वातावरणको श्रृजना गर्छन् ।

विद्यार्थीले आदर, अनुशासन, इमानदारी र जिम्मेवारी जस्ता मूल्य अभ्यास गरेमा विद्यालयमा सकारात्मक संस्कृति फैलिन्छ । उनीहरू मूल्य प्रस्तुत गर्ने, सहकार्य र समावेशितालाई अभ्यास गर्ने, शिक्षालयको छवि निर्माण गर्ने र प्रेरणा फैलाउने सक्रिय पात्र हुन् । शिक्षक संस्कृतिका वाहक हुन् भने, विद्यार्थी त्यस संस्कृतिको जीवित प्रतिविम्ब हुन् । शिक्षकले आधारशिला बनाउँछन्, विद्यार्थीले त्यसलाई जिउँदो बनाउँछन्। सफा, सुरक्षित र प्रेरणादायी भौतिक तथा भावनात्मक वातावरणले विद्यालय संस्कृतिलाई सकारात्मक बनाउँछ । प्रेरणादायी सन्देश, पुस्तक कर्नर र बालमैत्री कोठा यस्ता वातावरणका उदाहरण हुन् । सशक्त विद्यालय संस्कृति सुरक्षा, सम्मान, स्वतन्त्रता र अनुशासनको सन्तुलनमा आधारित हुन्छ । सहयोग, संवाद र नवीनता कायम रहने वातावरणले विद्यालयलाई केवल शिक्षा, संस्कार र सभ्यताको केन्द्र बनाउँछ ।

विद्यालय संस्कृति निर्माणमा अभिभावक र समुदायको सक्रिय सहभागिताले विद्यालयलाई अनुशासित, उत्तरदायी र विद्यार्थी-केन्द्रित बनाउने आधार तयार गर्छ । अभिभावकले घरमै अध्ययन-मैत्री वातावरण बनाइदिँदा र सिकाइपति सकारात्मक समर्थन जनाउँदा विद्यालय अभिभावकविचको विश्वास र सहकार्य मजबुत हुन्छ, जसको प्रभाव विद्यालयको समग्र वातावरणमा देखिन्छ । समुदायले विद्यालय व्यवस्थापन, स्रोतसाधन परिचालन र कार्यक्रममा साथ दिँदा विद्यालय समुदायकै साझा जिम्मेवारीको केन्द्र बन्छ । नियमित संवाद, अभिभावक-शिक्षक बैठक, समन्वय कार्यक्रम र अभिभावक दिवस जस्ता गतिविधिले सबै पक्षलाई सिकाइको साझा उत्तरदायित्वमा जोड्दै विद्यालय संस्कृतिलाई स्थिर, सकारात्मक र दिगो बनाउँछन्। शिक्षक, विद्यार्थी, अभिभावक तथा समुदाय, यी चारै स्तम्भ मिलेर मात्र एक समृद्ध विद्यालय संस्कृति निर्माण हुन्छ ।

विद्यार्थीमाथि प्रभाव :

असल संस्कृति भएको विद्यालय केवल परीक्षा उत्तीर्ण गराउने थलो होइन । यो चरित्र निर्माण र नेतृत्व विकास गर्ने सशक्त आधार हो । शिकाइले ज्ञान मात्र होइन, मूल्य र व्यवहार पनि सिकाउँछ । सकारात्मक संस्कृतिले विद्यार्थीमा इमानदारी, सहनशीलता, करुणा र आत्मअनुशासन विकास गर्छ । उनीहरूले सम्मान, सहकार्य, जिम्मे-वारी र समयपालन जस्ता गुण आत्मसात् गर्छन् । द्वन्द्वभन्दा संवाद रोज्ने, आत्मविश्वासी र सहयोगी बन्ने प्रवृत्ति बलियो हुन्छ । सकारात्मक संस्कृतिले सिकाइलाई अवसरकारूपमा प्रस्तुत गर्छ । विद्यार्थी गृहकार्य, परियोजना र समूहकार्यमा सक्रिय हुन्छन्। नेतृत्व र रचनात्मकतालाई प्रोत्साहन गरिने विद्यालयमा बाल संसद, क्लब र सामाजिक अभियानमार्फत् विद्यार्थी अघि सर्छन् र समस्या समाधानका सिप विकास गर्छन् ।

कक्षा ५ सम्मका विद्यार्थीका लागि आन्त-रिक परीक्षा हटाई मनोवैज्ञानिक दबाबरहित वैकल्पिक मूल्याङ्कन प्रणाली लागू गर्ने नवगठित सरकारको कार्ययोजना अन्तर्राष्ट्रिय शिक्षा संस्कृतिसंग मेल खाने सकारात्मक कदम हो । सशक्त विद्यालय संस्कृतिले विद्यार्थीलाई सामाजिक र नैतिक जिम्मेवारीप्रति सचेत बनाउँछ । समाजमा प्रवेश गर्दा उनीहरू न्यायप्रिय, सहिष्णु र विवेकी नाग-रिकका रूपमा स्थापित हुन्छन्। असल विद्यालय संस्कृति भविष्यका सक्षम नागरिक उत्पादन गर्ने उर्वर पृष्ठभूमि हो ।

विद्यालय संस्कृति सुधारका विधि :

विद्यालय संस्कृति सुधार भनेको केवल अनुशासन कायम गर्ने, कार्यक्रम थप्ने वा भवन निर्माणमा केन्द्रित हुनु मात्र होइन । यो गहिरो रूपमा जरा गाड्नेका सोच, व्यवहार, मूल्य, परम्परा र सम्बन्धको पुनरवलोकन र सशक्त रूपान्तरण हो । टेरेन्स ई. डिल र केन्ट डी. पिटर्सन जस्ता शैक्षिक संस्कृति विज्ञहरूले यसका लागि समावेशी र निरन्तर प्रक्रिया आवश्यक रहेकोमा जोड दिएका छन् । संस्कृति सुधारको पहिलो चरण विद्यालयको वस्तुगत मूल्याङ्कन हो । शिक्षक, विद्यार्थी, अभिभावक तथा प्रशासनका अनुभव तथा दृष्टिकोण सुन्नु आवश्यक छ । प्रश्नावली, अन्तर्वार्ता, संवाद समूह आदिका माध्यमबाट तथ्य संकलन गरिन्छ र विद्यालयको वातावरण तथा संस्कृतिको गहिरो अध्ययनबाट सुधारको आधार तयार हुन्छ ।

सकारात्मक संस्कृतिको आधार साझा दृष्टिकोण र मूल्य हुन् । 'डिम स्कूल' मार्फत् संवाद, मूल्य र उद्देश्यको घोषणापत्र तयार गर्न सकिन्छ । हामी कस्ता विद्यार्थी उत्पादन गर्न चाहन्छौं भन्ने गहन अध्ययन र अनुसन्धानले संस्कृतिलाई मार्गदर्शन गर्छ । अनुशासन, कडा परिश्रम र सामूहिक भावनामा आधारित संस्कृति जापानी विद्यालयको विशेषता हो । प्राचार्य तथा नेतृत्वकर्ता विद्यालय संस्कृतिका वाहक तथा उत्प्रे-रक हुन् । उनीहरू स्वयम् आदर्श बन्ने, संवाद प्रवाह गर्ने तथा सहभागितामूलक निर्णय प्रक्रियालाई प्रोत्साहन गर्ने भूमिकामा हुनु आवश्यक छ । नेतृत्व विकास तालिम, कोचिङ तथा समावेशी निर्णय प्रणाली अपनाउंदा विद्यालय संस्कृतिको सुधार सम्भव हुन्छ । शिक्षक, विद्यार्थी तथा अभिभावकबिच खुला संवाद गर्ने अभ्यासले विद्यालय संस्कृति सुधारको मार्ग खोल्छ ।

साभार : गोरखापत्र

बेलैमा चिनौं, लुकेको क्षयरोग



मैले/आँखा अस्पतालमा काम गर्ने बेला भेटेका सिन्धुपाल्चोकका दाजु रमेश चुँदाली (नाम परिवर्तन गरिएको) धेरै ठाउँमा जचाउन लाग्नु भएछ। तर, ठीक हुनुको सट्टा आँखा झन्-झन् धमिलो हुँदै गएपछि उहाँ हामीकहाँ आइपुग्नु भयो। हामीकहाँ पनि लामो समय र खर्च गरी धेरै थरी जाँचपच्चात् रोग पत्ता लाग्यो- आँखाको क्षयरोग।

त्यसपछि चुँदाली दाजुले अचम्म मान्दै सोध्नु भयो, 'डाक्टर साँब, आँखाको क्षयरोग पनि हुन्छ र ?' त्यस्तै ३१ वर्षीया सानो जिउडालकी एक महिला। गत वर्ष उनको बालक दई वर्षको हुँदादेखि उनी दिन दुई गुणा रात चौगुणा झन-झन् दुब्लाउँदै जान थालिन्। उनको घट्दै गरेको तौललाई धेरैले बच्चाले दुःख दिएरै हो भन्ने अड्कल काटेर टार्रिरहे।

तर, तौल घट्ने क्रम रोकिएन, हुँदा-हुँदा घाँटीको छेउतिर सानो मासुको गिर्खा आयो। उनी नजिकैको औषधि पसलमा गएर घाँटी सङ्क्रमणको औषधि ल्याउँछिन्। तर औषधिले काम नगरेपछि उनी नाक, कान, घाँटी रोग विशेषज्ञकोमा पुग्छिन्।

चिकित्सकले रगत जाँच, घाँटीको अल्ट्रासाउन्ड, एफ.एन.ए.सी. र मन्टोक्स जाँच गरेपछि पत्ता लाग्यो- ग्ल्यान्डुलर अर्थात् ग्रन्थीको क्षयरोग। ती महिलाले पनि सोधिन्, डाक्टर, घाँटीको पनि क्षयरोग हुन्छ ?

आफ्नी १२ वर्षकी छोरी कयौं उपचार गर्दा पनि निको नभएपछि उसको बाँच्ने आशा मारेर एउटा परिवार झारफुकतर्फ लाग्छ। तर, त्यसले पनि काम नगरेपछि आमा रुँदै छोरी बोकेर अन्तिम पटक भनेर अस्पताल गइन् र उनकी छोरीलाई आन्द्राको क्षयरोग लागेको पत्ता लाग्यो। माथिका उदाहरणहरू त्यस्ता उदाहरण हुन्, जुन झट्ट मानिसले कल्पना गर्दैनन्। हिजोआज क्षयरोगका विभिन्न प्रकार हरू देखिएका छन्। यसबारे हामी बेलैमा सचेत हुन जरुरी छ।

नेपाल सरकारको आर्थिक वर्ष २०८०/८१ को तथ्याङ्क अनुसार ३९ हजार १५१ क्षयरोगका विरामीमा फोक्सोभन्दा बाहेकको टिबी देखियो। १० हजार ७९१ जनाको रोग निदान भइसकेको तथ्याङ्कमा उल्लेख गरिएको छ। यो २७ प्रतिशत हुन आउँछ।

रोग लागेपछि पाइने शारीरिक, मानसिक र सामाजिक दुःखको मापन प्रतिशतमा गर्न सकिँदैन। प्रतिशतमा कमी, रोगको निदान हुन लाग्ने समयका कारण पनि थोरै देखिएको हो। तर, हाम्रो समाजमा फोक्सो भन्दा बाहेकको क्षयरोगबारे धेरैलाई थाहै छैन। जनचेतनाको अभावमा धेरैले रोगको पहिचान गर्न नसकी दुःख पाएको अवस्था छ। हामीलाई पनि यसबारे धेरै थाहा नभएको हुन सक्छ।

फोक्सो, आँखा, नाक, कान, मुटु, कलेजो, मासु, हड्डी आदि शरीरका सबै अङ्गमा क्षयरोग हुन सक्छ। नङ र कपालको क्षयरोगबारे विज्ञानले अहिलेसम्म थाहा पाएको छैन। फोक्सोको टिबीको लक्षण छिटो देखिने हुँदा प्रायलाई यसबारे मात्र थाहा भएको हो।

साँझपख ज्वरो आउनु, खोकी लाग्नु, तौल घट्दै जानु, भोक नलाग्नु आदि लक्षण देखिएमा त्यो फोक्सोसम्बन्धी टिबीका कारण हामीमध्ये धेरैजसोले बेलैमा उपचार खोज्छौं। तर फोक्सोभन्दा बाहेकको टिबी जटिल, गम्भीर र हामी धेरैलाई थाहा नभएको विषयमध्ये पर्छ। "आँखाको टिबी पनि हुन्छ र ?" भने जस्तै।

माथि दिइएका उदाहरणहरू उपचारमा खटिने चिकित्सकहरूले सुनिरहेकै प्रश्न हुन्। त्यसैले समयमै यसको अवस्थाबारे थाहा पाउन सकियो भने गम्भीर हुँदाहुँदै पनि यसको उपचार सम्भव छ। धैर्यपूर्वक यसको निदान गर्न सकिन्छ।

यसको लक्षण फरक-फरक हुने हुँदा जाँचे विधि पनि भिन्न-भिन्न हुन्छ। तर, औषधि भने अधिकांशमा एउटै हुन्छ। नेपाल सरकारबाट प्रदान गरिने, बच्चा जन्मनासाथ लगाइने अमृत बराबर को खोप (बीसीजी) यही क्षयरोगबाट बचाउनका लागि हो। फोक्सोको टिबीको समयमै उपचार र शरीर मा लुकेर बसेको टिबीको समेत समयमै उपचार गरियो भने फोक्सोभन्दा बाहेकको टिबी रोक्न सकिन्छ। रोकथामसँगै उपचार पनि सम्भव छ। उपचार गर्दा औषधि लामो समय (कमतिमा पनि ६ महिना) खानुपर्ने हुन्छ।

यसमा खुसीको कुरा के छ भने नेपाल सरकारले क्षयरोगको औषधि सरकारी स्वास्थ्य संस्थाबाट निःशुल्क उपलब्ध गराउँछ। यसै सन्दर्भमा प्रत्येक वर्ष भौं आज २४ मार्चका दिन विश्व क्षयरोग दिवस मनाइँदै छ। 'हो, हामी क्षयरोग अन्त्य गर्छौं। राष्ट्रिय अभियान, हाम्रो योगदान' भन्ने मूल नाराका साथ आज नेपालमा पनि क्षयरोग दिवस मनाइँदै छ। क्षयरोग नेपालको पुरानो पुस्तादेखि नै थाहा भइरहेको रोग हो। तर, फोक्सोभन्दा बाहेकको टिबीका बारे जनचेतना जगाउनु पनि यस दिवसको उद्देश्य हो। नेपालमा क्षयरोगको दर, मृत्यु दर र यसबाट हुने व्यक्तिगत खर्च निकै धेरै छ।

नयाँ शैक्षिक सत्रदेखि रत्ननगरमा माध्यमिक शिक्षा नि:शुल्क

रत्ननगर/रत्ननगर नगर पालिकाले वार्षिक दुई करोड ४० लाख लगानी गरेर माध्यमिक तह (९-१२) मा निःशुल्क शिक्षा लागू गर्ने अन्तिम तयारी गरेको छ। नयाँ शैक्षिक सत्रबाट सुरू हुने निःशुल्क शिक्षाका लागि स्थानीय सरकारले प्रतिविद्यार्थी २ हजार ५०० रूपैयाँ खर्च गर्नुपर्ने प्रारम्भिक अनुमान गरिएको छ।

माध्यमिक तह निःशुल्क शिक्षा कार्यान्वयनसम्बन्धी अन्तर्क्रिया कार्यक्रममा सुझाव समितिले तयार गरेको प्रतिवेदनमा शिक्षक र कर्मचा–रीको तलबबाहेक विद्यालय सञ्चालनका लागि वार्षिक दुई करोड ४० लाख खर्च लाग्ने समितिले तयार पारेको प्रतिवेदनमा उल्लेख छ। र तलनगरमा कक्षा ९ देखि १२ सम्म अध्ययन गर्ने विद्यार्थीको संख्या २ हजार १९५ छ। विद्यार्थीहरुबाट कुनै पनि बहानामा शुल्क नलिने गरी निःशुल्क शिक्षा घोषणा गर्न लागिएको हो।

हालसम्म विद्यालयहरुले भर्ना शुल्क, परीक्षा शुल्क र अतिरिक्त कक्षाका नाममा विद्यार्थीहरुबाट शुल्क लिँदै आएका छन्। विपन्न वर्गका बालबालिका अध्ययन गर्ने सामुदायिक विद्यालयले विभिन्न शीर्षकमा शुल्क लिने गरेका कारण बालबालिका पढाउनसमेत अठ्यारो परेको गुनासो स्थानीय सरकारलाई अभिभावकहरुले गर्दै आएका थिए। सरकारले कक्षा आठसम्म निःशुल्क शिक्षा घोषणा गरिसकेको छ।

माध्यमिक तहमा स्थानीय सरकारले कार्यविधि बनाएर निःशुल्क घोषणा गर्न पाउने संविधानमा उल्लेख भएअनुसार रत्ननगर नगरपालिकाले संविधानको धारामा टेकेर निःशुल्क शिक्षा लागू गर्न लागेको मेयर प्रलाद सापकोटाले बताए। 'स्वास्थ्य र शिक्षा निःशुल्क हुनुपर्छ भन्ने मान्यता राख्छु, उनले भने, 'स्वास्थ्यतर्फ हामीले उपचार कोष तयार गरेका छौं, अब निःशुल्क शिक्षा लागू गर्छौं।' माध्यमिक तहमा नयाँ शैक्षिक सत्रबाट निःशुल्क शिक्षा लागू गरिने भन्दै उनले त्यसका लागि आवश्यक बजेट विनियोजन गर्न बताए।

माध्यमिक तह निःशुल्क शिक्षा कार्यान्वयन सुझाव समितिले विद्यालय समायोजन र डाउन साइज, शिक्षकको संख्या वृद्धि तथा बृहत् विद्यालयको अवधारणालाई अघि सारेर प्रतिवेदन तयार गरेको समितिका संयोजक जगन्नाथ अधिकारीले बताए।

रत्ननगरमा २७ वटा सामुदायिक विद्यालय रहेका छन्। विद्यार्थी संख्या न्यून रहेका जनदया मावि, द्वारिका दास मावि र कपरफोरी माविलाई रत्ननगर नगर पालिकाको कार्यपालिका बैठकले गत वर्ष नै आधारभूत तह (कक्षा ८ सम्म) मा भर्ने निर्णय गरेको थियो। तीनवटा माविलाई आधारभूत तहमा झार्दा अब रत्ननगरमा १३ वटामात्रै मावि रहेका छन्। सामुदायिक विद्यालयको शिक्षालाई प्रभावकारी बनाउन सुझाव समितिले १३ वटा माविलाई सातवटामा झार्नेर बृहत् विद्यालयको रुपमा विकास गर्न स्थानीय सरकारलाई लिखित सुझाव दिएको छ।

विद्यार्थी संख्याको आधारमा सामुदायिक विद्यालयमा शिक्षकको संख्याको सन्तुलन मिलाउनसमेत समितिले सुझाव दिएको संयोजक अधिकारीले बताए। 'कुनै विद्यालयमा शिक्षकको संख्या धेरै छ, कुनैमा कम देखिन्छ', उनले भने, 'सन्तुलन मिलाउँदामसमेत अझै १५ जना शिक्षकको कमी भएको पाइएको छ।' स्थानीय सरकारलाई १५ जना शिक्षक थप गर्न सुझाव दिइएको उनको भनाइ छ।

समितिले साढे दुई महिना लगाएर गरेको अध्ययनको क्रममा रत्ननगरमा प्रतिविद्यार्थी सरकारले वार्षिक २५ हजारदेखि ७९ हजार सम्म लगानी गरेको पाइएको संयोजक अधिकारीले बताए। बृहत् विद्यालय बनाउँदा २५ प्रतिशत खर्च कम हुने र शिक्षाको गुणस्तरमा समेत वृद्धि हुने उनले बताए।

उपमेयर यादवप्रसाद पाठकले शिक्षाको गुणस्तर सुधार गर्न सकेमात्रै निःशुल्क शिक्षा घोषणाले सार्थकता पाउने बताए। स्थानीय सरकारले निःशुल्क शिक्षा घोषणा गर्ने र शिक्षकले राम्री नपढाउने रोग फाल्न सकिएन भने लगानीमात्रै खेर जाने उनले बताए।

कार्य संयोजन समिति गठनप्रति नेकपामा चुलियो असन्तुष्टि, तत्काल महाधिवेशन गर्न माग

काठमाडौं/नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले ४५ जनाको केन्द्रीय कार्य संयोजन समिति गठन गरेकोप्रति युवा नेताहरू असन्तुष्ट बनेका छन्। सांविक नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादीलगायत विभिन्न २५ घटक मिलेर नेकपा गठन भएको थियो।

निर्वाचनमा कम्तीमा ६० सिटसहित प्रतिनिधिसभामा निर्णायक शक्ति बन्ने आन्तरिक मूल्याङ्कनविपरीत चुनावी परिणाम आएपछि संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' ले चैत १९ गते पहिलो पटक केन्द्रीय कार्य संयोजन समितिको बैठक बोलाएका थिए। बैठकमा प्रचण्डले चुनावी हारको प्रारम्भिक समीक्षा रिपोर्ट प्रस्तुत गरेका थिए। त्यही दिन नेता प्रेमबहादुर सिंहले केन्द्रीय कार्य संयोजन समिति सार्वजनिक गरे। समितिमा रहेका अधिकांश व्यक्तिहरू विभिन्न घटकका पदाधिकारी रहेका छन्।

नेकपाका युवा नेताहरूले सल्लाहकार समितिमा बस्नुपर्ने नेताहरू नै कार्यकारी समितिमा सक्रिय हुनु विडम्बना भएको बताएका छन्। जेनजी आन्दोलन र चुनावी परिणामबाट पार्टीलाई ठूलो धक्का लाग्दासमेत नेतृत्वको चेत नखुलेकोमा अनेरास्ववियु (क्रान्तिकारी) का पूर्वअध्यक्ष तथा केन्द्रीय सदस्य रञ्जित तामाङले असन्तुष्टि पोखे।

तामाङले तत्काल केन्द्रीय समिति बैठक बोलाएर मौजुदा समितिलाई महाधिवेशन आयोजक समितिमा रूपान्तरण गर्न माग गरे। 'निर्वाचनबाट नसुझिने, उही पुस्तार उही पात्र दोहोरिनुको कुनै अर्थ छैन। यसले नेपाली समाजलाई भरोसा दिन सक्दैन। यस्ता गतिविधिले कम्युनिस्ट पार्टी रूपान्तरण हुन सक्दैन', सञ्चारकर्मीसँग उनले भने, 'तत्काल मौजुदा केन्द्रीय समितिलाई महाधिवेशन आयोजक समिति बनाएर जानुको विकल्प छैन। नेतृत्व हस्तान्तरण र पुस्तान्तरणको कार्ययोजनासहित महाधिवेशनमा जानुपर्छ। विभिन्न समिति बनाएर जानु भनेको आफ्नै कार्यकालमा पार्टी विघटन गर्नु हो।'

अनेरास्ववियु (क्रान्तिकारी)का पूर्वअध्यक्ष तथा केन्द्रीय सदस्य पञ्चा सिंहले पार्टीले सार्वजनिक गरेको ४५ सदस्यीय कार्य संयोजन समिति बनाएकोमा असन्तुष्टि पोखिन्। यो समिति पार्टीको विधान र समावेशी सहभागितामा मर्मविपरीत भएको सिंहले आरोप लगाइन्।

'पार्टीले हालै सार्वजनिक गरेको ४५ सदस्यीय कार्य संयोजन समितिले पार्टीको आफ्नै विधान र समावेशी सहभागितामा मर्मलाई उपहास गरेको छ। समावेशिताका सन्दर्भमा नेकपाको यो अभ्यास अनुदारवादी शक्तिहरूभन्दा पनि कमजोर देखिनु विडम्बनापूर्ण छ', उनले सामाजिक सञ्जाल फेसबुकमा लेखेकी छिन्।

सिंहले यदि तल्लो तहका समितिहरूमा पनि विधानको धज्जी उडाउने र समावेशी सिद्धान्तलाई तिलाञ्जलि दिने यही शैली कायम रहे यी समितिहरू पार्टी एकताका आधार होइन, विघटनका साक्षी मात्र बन्नेतर्फ सजग गराएकी छिन्।

अखिल (क्रान्तिकारी)को केन्द्रीय सचिव पेम जैसीले निर्वाचनमा पार्टी पराजय हुनुमा युवाहरूको सहभागिता नहुनु भनी संयोजक पचण्डले पेस गरेको प्रतिवेदनलाई लिएर आपत्ति जनाएका छन्। जैसीले अखिल (क्रान्तिकारी)का युवाहरूले नै भोट हालेर पार्टीले श्रेष्ठता हासिल गरेको जिकिर गरे।

'कमरेड प्रचण्डको चुनावी समीक्षा प्रतिवेदनमा विद्यार्थी र युवा सङ्गठनले नयाँ पुस्ता सङ्गठित गर्न नसकेको प्रतिवेदन आएछ। स्ववियुमा अखिल (क्रान्तिकारी)ले अनेरास्ववियु र नेविसंघको गठबन्धन तथा ओली सत्ता र शक्ति विरुद्ध एकल श्रेष्ठता तपाईंका पार्टी नेताहरूले भोट हालेर हासिल गरेका होइनन्, नयाँ पुस्तासँग अखिल (क्रान्तिकारी)लाई भोट हालेर श्रेष्ठ बनाएको हो', उनले भने।

पार्टीलाई नयाँ पुस्ताले भोट हाल्ने परिस्थिति किन बनेन ? पार्टीलाई नयाँ पुस्ताले भरोसा गर्न किन छाड्यो ? भन्ने कारण खोज्न उनले नेतृत्वलाई सुझाव दिएका छन्। विद्यार्थी संगठनलाई आरोपित गरेर ल्याएको प्रतिवेदन फितां गर्न माग गर्दै जैसीले अन्यथा सडकबाटै खारेज गर्ने चेतावनी दिएका छन्। प्रचण्डले प्रस्तुत गरेको १० पृष्ठको प्रतिवेदनमा युवाहरू पार्टीमा आबद्ध नभएका कारण पार्टीबाट टाढा भएको र निर्वाचनमा आफूहरूविरुद्ध प्रयोग भएको उल्लेख गरेका थिए।

प्रतिवेदनमाथि आज सोमबार देखि निरन्तर छलफल हुने नेता रामकुमार भट्टराईले जानकारी दिएका छन्। महाधिवेशनको तयारी, कार्य विभाजन, पालिकास्तरको अधिवेशन लगायतका विषयमा निर्णय हुने भट्टराईले बताए।

'हामीले चुनावी परिणामको प्रारम्भिक समीक्षा गरेका छौं। अध्ययनका लागि सदस्यहरूलाई प्रतिवेदन वितरण गरिएको छ। आज देखि लगातार समीक्षा हुनेछ। बैठकले सबैलाई समेट्ने गरी निष्कर्ष निकाल्छ', उनले भने।

यद्यपि विधानबमोजिम केन्द्रीय कार्यसमिति र सचिवालय गठन नभएको उनले जिकिर गरे। नेकपाको अन्तरिम विधानअनुसार ६०१ सदस्यीय केन्द्रीय कार्यसमिति रहने व्यवस्था गरिएको छ।

पार्टी एकताको भावनाअनुसार सहमतिका आधारमा केन्द्रीय समिति, केन्द्रीय कार्य संयोजन समिति र सचिवालय गठन हुने विधानमा भनिएको छ। निर्वाचन अघि नै दुई हजार ४ सय ९९ सदस्यीय जम्बो केन्द्रीय समितिका सदस्यहरूले शपथग्रहण गरिसकेका छन्।

"कोरम" नपुगेपछि बैठक स्थगित
असन्तुष्ट पक्ष अनुपस्थित

काठमाडौं/नेपालका दुई चर्चित खेल हुन्, क्रिकेट र फुटबल। यति बेला देशमा क्रिकेट चढ्दो अवस्थामा छ। फुटबलको अवस्था नाजुक छ।

अखिल नेपाल फुटबल संघ (एन्फा) हाल राष्ट्रिय खेलकुद परिषद् (राखेप)बाट तीनमहिने निलम्बनमा छ। प्रशासनिक विवाद र आन्तरिक द्वन्द्वमा अल्झँदा फुटबलको यो अवस्था आएको हो।

नेपाल क्रिकेट संघ (क्यान)मा पनि प्रशासनिक समस्या देखिन थालेको छ। आन्तरिक प्रशासनमा रुमल्लिएको अवस्थामा शनिवार (चैत २९)का निम्ति डाकिएको केन्द्रीय कार्यसमितिको बैठक 'कोरम' नपुगेपछि स्थगन भयो।

क्यानको असन्तुष्ट पक्ष बैठकमा उपस्थित भएन। र, कोरम पुगेन। त्योसँगै बैठक स्थगन भएको हो। उक्त बैठक अब आज सोमबार (चैत २३) बस्ने तय छ।

बैठकमा नगएका एक सदस्यले भने, "महत्वपूर्ण विषयहरू छन्। तर, त्यसको कुनै पनि कागजात हामीलाई दिइएको छैन। अडिट रिपोर्ट पास गर्नु छ भने त्यो पहिले बोर्डले अध्ययन गर्नुपर्यो। एनपीएलको दुई सिजनको हिसाबको विषय छ, त्यो थाहा पाउनुपर्‍यो। त्यस्तो केही अध्ययन गर्न पाइएको छैन। केही नभएपछि बैठकमा जानुको अर्थ के रह्यो र !"

बैठकका २० बुँदे एजेन्डामा नेपाल प्रिमियर लिग (एनपीएल)का दुवै संस्करणको हिसाब मुख्य विषयका रूपमा राखिएको छ। दुई संस्करण सम्पन्न भइसक्दा पनि एनपीएलको हिसाबकिताब पारित भएको छैन। यसमा धेरै सदस्यको चासो छ।

एनपीएलको हिसाब पारदर्शी गर्नुपर्ने मागसहित आठ केन्द्रीय सदस्यले यसअघि क्यानमा ज्ञापनपत्र बुझाएका थिए। ज्ञापनपत्र बुझाउनेमा उपाध्यक्ष रोशन सिंह, प्रदीप मजगैया, माधव कर्माचार्य, जयन्ती भट्ट, विक्रम विष्ट, वीरेन्द्र चन्द, दुर्गा पाठक र अर्जुन पौडेल थिए।

तर, क्यानले कुनै विवरण उपलब्ध नगराएको उनीहरूले बताएका छन्। नाम उल्लेख गर्न नचाहने एक सदस्यले भने, "बैठकमा गएको भए उपस्थितिमा हस्ताक्षर गराउँछ र पछि त्यसैलाई सहमति भन्दै पारित गरिदिन्छ। यस्तो त भएन नि !"

ती सदस्यका अनुसार, गएको पुस मसान्तभित्र नै अडिट पास गर्नुपर्ने थियो। तर, त्यसबारे जानकारी गराइएको छैन। ती सदस्यले थपे, "हामीले क्यानलाई सिस्टममा चलाऊँ भनेका मात्र हौं। सिस्टम बनेन भने त भोलि संस्था खत्तम भइहाल्छ नि ! तर, यस्तो प्रयास गर्दा सबैले क्रिकेटविरोधी भन्छन्। धेरैले बुझ्दैनन्।"

बोर्ड बैठकको एजेन्डाको पहिलो बुँदामा सन् २०२६ को क्यानको वार्षिक कार्यक्रम तथा बजेट अनुमोदन छ। दोस्रो बुँदामा संघको विधान संशोधनसम्बन्धी विषय छ। संघको वार्षिक साधारणसभा र जिल्ला संघहरूको निर्वाचनको विषय पनि समेटिएको छ। पाँचौं बुँदामा नेपाल प्रिमियर लिग (एनपीएल)को पहिलो र दोस्रो संस्करणसम्बन्धी सम्पूर्ण जानकारी छ।

यस्तै, आवश्यक कर्मचा–रीहरूको नियुक्ति, वार्षिक लेखापरीक्षण प्रतिवेदनको अनुमोदन, लेखापरीक्षकको नियुक्ति, विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताको आयोजना, सहभागिता र अनुमोदन, खेलाडी अभ्यास र प्रशिक्षकहरूको रोडिङ निर्धारण, संघको कार्यक्रम तथा रणनीतिक साझेदारीको सम्बन्धमा, अभ्यास, म्याच रेफ्री र स्कोररहरूको पारिश्रमिकको सम्बन्धमा, राखेपबाट मनोनीत सदस्यहरूको सम्बन्धमा, गौरीटार क्रिकेट मैदानको सम्बन्धमा, खेलाडी र कर्मचारीहरूको बिरामी तथा घाइते उपचारको सम्बन्धमा जस्ता विषयमा निर्णय गरिने क्यानले जनाएको छ।

४८ घण्टाभित्र आपराधिक समूहका ३१ पक्राउ, केहीले छाडे उपत्यका

काठमाडौं/ नेपाल प्रहरीले बिगतको ४८ घण्टामा आपराधिक समूहका ३१ जना युवालाई पक्राउ गरेको छ। विभिन्न समूह बनाएर गुण्डागर्दीमा संलग्न उनीहरूलाई प्रहरीले नियन्त्रणमा लिएको हो। शुक्रबार र शनिबार राति काठमाडौंको विभिन्न स्थानबाट जिल्ला प्रहरी परिसर काठमाडौंले १८ जना पक्राउ गरेको थियो।

अपराध महाशाखाको टोलीले १३ जनालाई नियन्त्रणमा लिएको थियो। पक्राउ पर्नेहरूमा गुण्डागर्दी समूहका नाइकेमध्ये नुवाकोटका सानुभाइ भनिने युवराज गुरूङ छन्। यस्तै, रामबाबु आचार्य, सागे भनिने सञ्जिब लामालाई परिसरले पक्राउ गरेको हो।

अपराध महाशाखाले सञ्जिब लामा, अशोक गिरी,बकिल बम, किमजोङ भनिने सुरेश गुरुङसहित १३ जनालाई पक्राउ गरेको जनाएको छ। यसैगरी नेपाल प्रहरीले पक्राउको श्रृंखला चलाएसँगै उपत्यकाका विभिन्न क्षेत्रलाई आधार बनाएर आपराधिक गतिविधिमा संलग्न युवाहरूले काठमाडौं छाड्न थालेका छन्। प्रहरी स्रोतका अनुसार आपराधिक समूहमा सक्रिय दर्जनौंको सूची प्रहरीले तयार पारेको छ।

सहयोगी कर्मचारी आवश्यकता

प्रथम पटक प्रकाशित मिति २०८२/१२/२३ गते।

मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, शिक्षा युवा तथा खेलकुद शाखाको च.न. ७१५ मिति २०८१/११/२७ गतेको प्राप्त पत्र एवम् विद्यालय व्यवस्थापन समितिको मिति २०८२/१२/२२ गतेको निर्णयानुसार नेपाल सरकारको संघीय वा स्थानीय तहबाट उपलब्ध भएको यस विद्यालयमा सहयोगी कर्मचारी पद वा कोटामा कर्मचारी रिक्त रहेकोले विद्यालय सहयोगी कर्मचारी पदपूर्तिका लागि अनुमति प्राप्त भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूलाई यो विज्ञापन प्रकाशित गरिएको छ।

तपशिल :

विज्ञापन नं. : २/२०८२/२०८३
पद : विद्यालय सहयोगी कर्मचारी
दरबन्दीको किसिम : सहयोगी कर्मचारी
शैक्षिक योग्यता : कक्षा ८ अध्ययन गरेको हुनुपर्ने, माथिल्लो योग्यता भएकोलाई प्राथमिकताम।
उमेर : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
तलब भत्ता : संघीय र स्थानीय सरकारले तोकेबमोजिम
आवेदन दस्तुर : रू. ८००/- (अक्षरेपी आठसय मात्र)
आवश्यक कागजातहरू :
क) हस्तलिखित निवेदन,
ख) हालसाल खिचिएको पासपोर्ट साइजको फोटो २ प्रति,
ग) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि २ प्रति,
घ) शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपि २ प्रति,
ङ) निरोगिताको प्रमाणपत्र
दरखास्त दिने अन्तिम मिति :२०८३ बैशाख ७ गते : दिउँसो ४:०० बजेसम्म)
सम्पर्क मिति : २०८३ बैशाख ८८ गते
परीक्षा मिति : सम्पर्क मितिको दिन तोकिनेछ।
परीक्षा किसिम : स्थानीय तहको ऐनले तोकिएअनुसार लिखित र मौखिक परीक्षा हुनेछ।
दरखास्त बुझाउने स्थान : विद्यालय (अनलाइनमार्फत् पनि पेस गर्न सकिनेछ)।

नोट : स्यादाफि आएको र रित नपुगि आएको निवेदनउपर कुनै सुतुवाइ तथा कारवाही हुने छैन।

श्री सीता माध्यमिक विद्यालय
मनहरी गा.पा.-२, भुन्डुटाँडी, मकवानपुर
सम्पर्क नं.: ९८६७३७६५७६ (प्र.अ.)., ९८५५०३१८३२ (लेखा शाखा)
९८४०६६२४८८ (अध्यक्ष) ९८४८३७७२५)
Email : sitasecondery@gmail.com

डिलर Partner
बिना लगानी
फोन बाटै सम्भावित आम्दानी
CLASSIC TECH
मासिक रु 20 हजार सम्म सम्भावित कमाई
3 click Process
आकर्षक कमीसन
फ्रि काम
T&C apply*

आकर्षक जग्गा सस्तो मूल्यमा बिक्रीमा



आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईको मूल्यमा पाउनु हुनेछ। स्थान: रातोमाटे भोर्ले।
सम्पर्क नं. : ९८४५०३९५७०८, ९८४५०३१३४७

: अन्तरवार्ता :

नेउवा महासंघ बागमती प्रदेश समुन्नत र सुदृढ बनाउने प्रण

नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको ९ औं प्रदेश सभा तथा निर्वाचन अधिवेशन २०८२ चैत्र २३ गते हुने नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको नवौं प्रदेश सभा र २४ गते हुने अध्यक्ष, उपाध्यक्ष हरु, कोषाध्यक्ष र कार्य कारिणी समितिका सदस्य-हरुको निर्वाचन हुन गई-रहेको सन्दर्भमा अध्यक्ष पदमा उमेदवारी दर्ता गराएका *एक उमेदवार हुन दुर्गाराज श्रेष्ठ ।*

नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको अध्यक्षमा हालका उपाध्यक्ष दुर्गाराज श्रेष्ठले अध्यक्षमा उम्मेदवारी घोषणा गरेका छन् । नेपाल वितरक संघको पूर्व अध्यक्षसमेत रहेका श्रेष्ठ हाल नेपाल उद्योग वाणिज्य संघ काठमाडौंको महासचिवसमेत छन् ।

व्यवसायिक सफलता र विभिन्न संघहरुमा सफल नेतृत्व गरिसकेका उनी नेपाल-माल्टा चेम्बर अफ कमर्स एण्ड इन्डष्ट्रीको कार्यकारी सदस्य पनि छन् । पोखरा विश्वविद्यालयबाट एमबीएसम्मको अध्ययन गरेका श्रेष्ठसंग हाम्रा संवाददाताले गरेको कुराकानी ?

☛ उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको अध्यक्षमा तपाईको उम्मेदवारी किन ?

✓म नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशमा दुइ कार्यकाल उपाध्यक्ष भएर उद्योगी व्यवसायीका हित संरक्षण र निजी क्षेत्रका माग र मुद्दाहरुमा केन्द्रित रहेर काम गर्दै आएको छु । यस अवधिमा उद्योगी र व्यवसायी साथीहरुसंग सहकार्य गर्दै उत्पादक र वितरकबीच समन्वय स्थापित गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्न सफल पनि भएं ।

महासंघ भनेको नेपाल सर-कारपछि सबैभन्दा ठूलो नेटवर्क भएको सशक्त संगठन हो । प्रदेश महासंघ भनेको महासंघको एउटा दहो र भरपर्दो अंग मात्रै होइन, साना मझौला र सबै खालका उद्योगी व्यवसायीहरुको आशा र भरोसाको केन्द्र बन्नुपर्ने आवश्यकता छ । यसकारण मैले बागमती प्रदेश महासंघलाई थप सशक्त बनाउने उद्देश्यका साथ अध्यक्षमा उम्मेदवारी दिने निर्णय गरेकी हुं ।

☛ आमउद्योगी व्यवसायीहरुको अपेक्षा पूरा गर्ने तपाईका एजेण्डाहरु के छन् त ?

✓प्रदेश महासंघ पनि छ है भनेर देखाउने र यस संगठनले उद्योगी व्यवसायीहरुका मुद्दा र विचार बोक्छ र प्रदेश सरकार र आवश्यक परेमा केन्द्र सरकारसंगसमेत स्ट्रङ लबिङ गर्न सक्छ भनेर प्रमाणित गर्ने मेरो मुख्य योजना छ ।

यसका साथै, मैले बागमती प्रदेशका जिल्ला नगर उद्योग वाणिज्य संघहरु र यहाँका वस्तुगत संघहरु र एसोसियट सदस्यहरुको समस्या र झ्मोसंग बुझेको छु । प्रदेश उद्योग वाणिज्य महासंघ, वस्तुगत संघहरु र जिल्ला नगर उद्योग वाणिज्य संघहरुको आर्थिक तथा व्यवसायिक क्षमता विकासमा सरकार र स्थानीय तहसंग समन्वय गर्नुपर्नेछ । जिल्ला नगर उद्योग वाणिज्य संघका लागि आम्दानीको प्रमुख स्रोतका रुपमा रहेका मेला महोत्सव जस्ता कियाक-लापलाई स्थानीय तहहरुको तालिकामा नै समावेश गर्ने खालको मोडल बनाएर काम गर्ने सोच बनाएका छौं ।

साना र मझौला व्यवसायी हरुले नापतौल र बजार अनुगमनका नाममा हैरानी खेप्नु पर्ररहेको छ । यो समस्याको समाधानका लागि स्थानीय प्रशासनसंग दीर्घकालिन समझदारी बनाएर काम गर्नुपर्नेछ । साना मझौला उद्यम व्यवसायहरुलाई कर सहुलियत र व्यवसाय दर्ता-मा एकद्वार प्रणाली कायम गर्नुपर्ने आवश्यकता छ । शहर बजारमा उद्यम व्यवसाय डिजिटल फ्रेमवर्कभित्र गाइसके पनि दूरदराजमा अझै पनि डिजिटल सेवा प्रभावकारीरुपमा पुगिसकेको छैन । यसका लागि सम्बन्धित स्थानीय तहमार्फत् उद्यम संघहरुसंगको सहकार्यमा उद्यम व्यवसाय डिजिटल फ्रेमवर्कभित्र ल्याउने गरी काम गर्न नीतिगतरुपमै व्यवस्था गराउन पहल गर्नु पर्नेछ ।

एसएमइहरुलाई सहुलियतपूर्ण कर्जा र कर सहुलियत दिलाउने, साना र मझौला व्यवसायलाई कर र लेखा प्रणाली जस्ता विषयमा तालिम र प्रशिक्षण प्रदान गर्ने जस्ता विषयमा पनि हामीले काम गर्न चाहेका छौं । यस्तै, प्रदेश महासंघको अहिले आफ्नै भवन छैन । मैले मेरै कार्यकालमा सुविधासम्पन्न भवन बनाउने अठोट लिएको छु । यसका लागि सबै जिल्ला नगर, वस्तुगत र एसोसियटका उद्यमी व्यवसायी साथीहरुको अमूल्य सहयोग प्राप्त हुने विश्वास पनि लिएको छु ।

☛ प्रदेश महासंघको भवनको त कुरा गर्नुभयो भवन निर्माणपछि पाइने सुविधाहरु के के छन् ?

✓गत फागुन महिनामा महासंघ अध्यक्षले शिलन्यास गर्नुभएको प्रदेश कार्यालय भवन पुरा गर्ने जिम्मा हाम्रो हुनेछ । कार्यालय निर्माणले स्थानीय व्यावसायिक समूहका लागि द्ररागामी प्रभाव पार्ने नै छ भने आधुनिक कार्यालय, बैठक कोठा र सम्मेलनको सुविधा उपलब्ध हुनेछ । यसका साथै उद्यमी, स्टार्टअप र स्थापित व्यवसायले व्यापार तथा व्यवसाय लाई अझ प्रभावकारीरुपमा सञ्चालन गर्न, सहकार्य एवम् सञ्जालका लागि प्रयोग गर्न सक्नेछन् । यही भवनमा प्रदेश व्यापार प्रवर्द्धन र नेटवर्कडिको ह्ब बन्ने लक्ष्य राखेका छौं ।

यसले स्थानीय उद्यम र अन्त-र्राष्ट्रिय साझेदार बीचको सम्बन्धलाई बढावा दिन व्यापार मेला, उद्योग विशेष कार्यक्रम र वाणिज्य शिखर सम्मेलन आयोजना गर्ने उपयुक्त थलो समेत बन्नेछ । कार्यालयमा बिजनेस इन्क्यु-बेटर र एक्सेलेटरका लागि स्थान राखिने भएको छ भने सीप विकास कार्यक्रम प्रस्ताव गर्न व्यावसायिक प्रशिक्षण संस्थान र विश्वविद्यालय- हरुसंग सहकार्य गर्दै नव-उद्यमी उत्पादन गर्ने थलोको रुपमासमेत विकास गर्नेछौं ।

☛ निजी क्षेत्र भनेको सम्भावना देख्ने जात पनि भनिन्छ । तपाईले बागमती प्रदेशभित्र के कस्ता सम्भावना देखुभएको छ ? र, ति सम्भावनालाई मूर्तरुप दिन के कस्ता कार्यक्रम अघि सार्ने सोच्नुभएको छ ?

✓मैले अघि पनि भने, बागमती प्रदेशभित्रका सबै भुगोल र वस्तुगत एसोसियट सदस्यहरुको समस्या र सम्भावनाबारे म जानकार छु । मुलुकको राजधानी रहेको काठमाडौं उपत्यका पनि बागमती प्रदेशभित्र पर्ने भएकाले देशको कूल आर्थिक का-रोबारको ठूलो हिस्सा बागमतीले ओगट्छ । यो प्रदेशभित्र उच्च पहाडी भेगको जटिबुटी, कृषि र पर्यटनसम्म र समथर भू-भागमा हुने उत्पादनदेखि सेवा क्षेत्रसम्म अपार सम्भावना छन् । यीनको व्यवस्थित उपयोग गर्ने गरी आर्थिक तथा औद्योगिक नीति बनाउनका लागि हामीले प्रदेश सरकारलाई अनु-रोध गर्ने र सहयोग गर्ने योजना बनाएका छौं ।

साथै, बागमती प्रदेशभित्र घोषणा भएका औद्योगिक क्षेत्रहरुमित्र सहजै उद्योग खोल्न सक्ने वातावरण नहुँदा अहिले घोषणा भएका औद्योगिक क्षेत्रभित्र उद्योगहरु आउन सकिरहेका छैनन् । प्रस्तावित औद्योगिक क्षेत्रभित्र उद्योग खोल्दा कर तथा अन्य सेवासुविधामा सहुलियत दिलाउने प्रयत्न गर्नेछौं ।

हेटौंडाको मयुरधाप औद्योगिक क्षेत्रभित्र सहजै उद्योगहरु स्थापना हुन सक्ने खालको वातावरण बनाउन पहल गर्नु पर्नेछ । शक्तिखोर औद्योगिक क्षेत्र पनि पहिचान भएको छ, पूर्वाधार तयार नहुंदा उद्योगहरुले सम्भावना पहिल्याउन सकेका छैनन् । यी यावत विषयमा प्रदेश सरकारसंग गहन छलफल गरी नतिजा निकाल्ने काम नै मेरो प्रमुख प्राथमिकतामा रहेका विषयहरु हुन् ।

☛ जेनजि आन्दोलनबाट प्रभावित निजी क्षेत्रलाई राहत दिलाउने पनि केही योजनाहरु छ कि ?

✓छ नि जेनजी आन्दोलनबाट निजी क्षेत्रमा करिब ८० अर्बको क्षति हुंदाको अवस्थामा आगामी दिनमा नीजि क्षेत्रले बिना कुनै बाधा अवरोधकासाथ काम गरेर सो क्षतिको परिपूर्ति गर्नुपर्नेछ । यसका लागि महासंघ, प्रदेश र जिल्ला नगर उवा संघहरुको भूमिका अहम बनाउदै बिकासको गति लिनुपर्ने भएको छ । यसको लागि नेपाल सरकारले सहजिकरण गरिदिनु पर्नेछ । कर्जा पुनर्संरचना, कर छुट, भन्सार शुल्कमा छुट र सामाजिक उत्तरदायित्वअन्तर्गतको रकम पुनः निर्माणमा लगाउन सकारसंग लबिङ गर्नेछु । अर्थात्न पुनर्थापना र सुशासन कायम गर्न निजी क्षेत्र र सरकार बीच निरन्तर संवाद संयन्त्र निर्माण गर्न, व्यवसायीलाई आत्मविश्वास साथ खुलारूपमा व्यवसाय गर्न सक्ने वातावरण सुनिश्चितता कायम गर्न पनि मेरो पहल रहनेछ ।

यसैगरी प्रभावित व्यापारी प्रतिष्ठानहरुको चालु पूँजी कर्जा मार्गदर्शन कम्तीमा दुई वर्ष स्थगन, पुनर्कर्जा, ब्याज अनुदानलगायत वित्तीय सहुलियत तत्काल दिन सकिनेतर्फ सरकारलाई ध्यानाकर्षण गराउदै आएका छौं र त्यसलाई निर तन्नरता पनि दिनेछौं ।

☛ प्रदेश महासंघ र प्रदेशभित्रका उवा संघहरुलाई आत्मनिर्भर बनाउने तपाईका एजेण्डा के छन् ?

✓मैले माथि पनि भने, अहिले प्रदेश महासंघको आम्दानीको आफ्नै स्रोत निकै सिमित छ । जिल्ला नगर उवा संघहरुले मेला महोत्सव आयोजना गरे पनि निजी क्षेत्रको मात्रै प्रायोजन र सहयोगमा गर्नुपर्दा कतिपय अवस्थामा घाटासमेत व्यहोर्नु पर्रि-रहेको स्थिति पनि छ । वस्तुगत संघहरुको पनि खर्च बढ्दै छ, आम्दानीमा सदस्यता शुल्क बाहेकको भरपर्दो विकल्प छैन । यसकारण प्रदेश महासंघको आफ्नै भवन हुनासाथ त्यसबाट आम्दानी हुन सक्छ । कतिपय अवस्थामा प्रदेश सरकारसंग सहकार्य गरेर विभिन्न कार्यक्रम आयोजना गर्न सकिन्छ । त्यो विकल्पमा पनि अब जानुपर्नेछ ।

मेला र महोत्सवलाई सम्बन्धित स्थानीय तहहरु र उवा संघहरुको वार्षिक कार्यक्रम नै बनाउन सकियो भने त्यसबाट जिल्ला नगर उवा संघहरुको आम्दानी स्थायी हुन सक्छ । मेला, महोत्सव र प्रदर्शनी भनेको उद्योग वाणिज्य संघ र वस्तुगत संघहरुको अधिकार हो भन्ने गरी स्थापित गराउने प्रयास हाम्रो रहनेछ ।

यसका साथै, उद्यम व्यवसाय-हरुको दर्ता र नवीकरणमा समेत सम्बन्धित उवा संघहरु निश्चित प्रतिशत हिस्सेदार बन्ने बाटो खोल्ने नीतिगत प्रावधान नै लागू गर्न सकियो भने त्यो पनि अर्को विकल्प बन्छ । यसमा सम्बन्धित निकायहरुसंग समन्वय गरेर छलफल अघि बढाउछौं ।

वस्तुगत संघहरुको आम्दानी बढाउनका लागि उनीहरुमार्फत् सम्बन्धित क्षेत्रको प्रदर्शनीहरु आयोजना गर्न सकिन्छ । यसले व्यवसाय प्रवर्द्धनसमेत वस्तुगत संघहरुको आम्दानीसमेत बढाउन मद्दत पुग्छ । यसरी आयमूलक र आत्मनिर्भर बन्ने विभिन्न उपायहरु पहिल्याउदै हामी अघि बढ्नेछौं ।

☛ अन्तिममा, मतदाता उद्योगी व्यवसायीहरुलाई के भन्न चाहनु हुन्छ ?

✓मैले उद्योग व्यवसायमैत्री नीति निर्माणमा आफूलाई केन्द्रित गर्ने लक्ष्यका साथ बागमती प्रदेश महासंघको अध्यक्षमा उम्मेदवारी दिने निर्णय गरेको हुँ । उद्योगी व्यवसायीका मुद्दाहरुलाई तिनै तहको सरकारसमक्ष सशक्तरुपमा उठाउने मेरो प्रतिबद्धता छ । मैले बागमती प्रदेश महासंघलाई पर्याप्त समय दिन सक्छु, जिल्ला नगर, वस्तुगत र एसोसियट सदस्यहरुले मलाई खोज्नु पर्दैन, म आफै उहाँहरुलाई खोजेर पुग्नेछु र उहांहरुको समस्यामा एका-कार भएर समाधानको प्रयास गर्नेछु ।

यसकारण बागमती प्रदेशका सम्पूर्ण उद्योगी व्यवसायी साथीहरुमा समुद्रु र सुदृढ व्यवसायिक वातावर-रण निर्माण गर्ने उद्देश्यसहित उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको अध्यक्षमा मेरो उम्मेदवारी रहेको कुरा अवगत गराउदै यहाँहरुको अमूल्य मत प्राप्त हुने विश्वाससमेत राखेको छु ।

सुमार्गीमाथि पनि अनुसन्धान अघि बढ्यो

सन्देश संवाददाता

काठमाडौं/ व्यवसायी अजेयराज सुमार्गी पराजुली नेपालको आर्थिक क्षेत्रमा लामो समयदेखि परिचित नाम हो । तर हरपटक उनी कार-बाहीको घेरामा परे, शक्तिको आड र राजनीतिक दबावले उनलाई उम्किने बाटो खुलाइदियो । अहिले तेस्रोपटक सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले उनीमाथि अनुसन्धान अघि बढाएको छ ।

विभागका उच्च स्रोतका अनुसार, अर्को व्यवसायी दीपक भट्टलाई पहरीले पकाउ गरेसँगै सुमार्गीमाथि अनुसन्धान थप तीव्र बनाइएको हो । सुरुमा भट्टसँगै सुमार्गीलाई पनि एकसाथ पकाउ गर्ने तयारी थियो । तर, समय अभावका कारण पहिले भट्टको अनुसन्धान सकेर मात्र सुमार्गीमाथि कारवाही अघि बढाउने निर्णय भयो । सम्पत्ति शुद्धीकरण कसुरमा अनुसन्धानमा तानिएका भट्टलाई बिहीबार नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले पकाउ गरेको थियो । त्यसपछि विभागले सुमार्गीको पालो फेरि ल्याएको छ ।

सामान्य पृष्ठभूमि, असामान्य उचाइ

मकवानपुरको हेटौंडा मूलका सुमार्गी एक दशकभन्दा कम समयमा अर्बपति बनेका व्यक्ति हुन् । एक दशकमा एक दर्जन कम्पनीका सञ्चालक र अधिकांश मालिक बनेका

सुमार्गीको सम्पत्तिको स्रोत सफा नभएको विभिन्न प्रमाणहरूले देखाउँछन् । खासगरी तीनकुने थापाथली क्षेत्रका दर्जन ठाउँमा उनको घरजग्गा रहेको बताइन्छ । उनीमार्फि लामो समयदेखि तत्कालिन माओवादीको पैसा चलाएको आरोप लाग्दै आएको छ । २०१९ मा तत्कालीन राजा ज्ञानेन्द्र शाहले सत्ता हातमा लिएपछि उनको आर्थिक चलखेल ह्वात्तै बढेको उनका निकटहरुको दावी छ ।

सिमेन्ट, दूरसञ्चार, सञ्चार माध्यमलगायतका क्षेत्रमा उनको लगानी फैलिएको छ । पावर लिंक नामक कोरियन कम्पनीका सीईओलाई गुण्डा प्रयोग गरी कुटपीट गरिएपछि ५० प्रतिशत साझेदारका रूपमा सुमार्गी त्यस उद्योगमा भित्रिएका थिए । यी घटनाहरूले नै उनको व्यापारिक उचाइको पृष्ठभूमि कस्तो छ भन्ने संकेत गर्छन् ।

राष्ट्र बैंकले रोक्यो, अदालत गए र पर्‍यो सर्वोच्चको भर्त्सना :

व्यवसायी सुमार्गीले मुक्तिका सिमेन्टका लागि भन्दै विदेशबाट भित्र्याएको रकम नेपाल राष्ट्र बैंकले रोक्का गरेपछि उनी अदालत गएका थिए । सुमार्गीले साइप्रसस्थित एयर वेल सर्भिसेज लिमिटेडसँग गरिएको सम्झौताअनुसार करिब १२ अर्ब रुपैयाँ विदेशी लगानीको रूपमा भित्र्याउन खोजेका थिए । सर्वोच्च अदालतले यस प्रकरणमा सम्पत्ति शुद्धीकरण ऐन आकर्षित हुने स्पष्ट पारेको थियो । रकम पठाउने व्यक्ति आफैं अजेयराज सुमार्गी रहेको र आफ्नै कम्पनीमा आफैंले पठाएको रकम शंकास्पद रहेको अदालतको भनाइ थियो ।

दुईपटक रोकियो, दुईपटक राजनीति बन्यो ढाल :

विभागले २०७४ सालमा पनि सुमार्गीमाथि अनुसन्धान सुरु गरेको थियो । तर, त्यो बेला राजनीतिक दबाबका कारण अनुसन्धान प्रक्रिया नै रोकिएको थियो । त्यसपछि सर्वोच्च अदालतले हस्तक्षेप गऱ्यो । २०७५ पुसमा सर्वोच्च अदालतले सुमार्गीमाथि सम्पत्ति शुद्धीकरण ऐनबमोजिम अनुसन्धान चलाउन आदेश दियो । तर, अदालतको आदेश पनि काफी समय कागजमै सीमित रह्यो ।

सुमार्गीको श्रीमतीका आफन्त शिश् अर्याल भण्डारीमार्फत् अस्वाभाविक सम्पत्ति व्यवस्थापन भएको शंकामा वित्तीय जानकारी इकाइले सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई औपचारिक अनुरोध गरेको थियो । तर, त्यो पनि प्रभावशाली दबावका कारण अघि बढेन ।

तेस्रोपटक : अब राख्यौको बलमा

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले एकल सरकार बनाएको र विवादमा परेकाहरुलाई धमाधम छानविन गर्दै पकाउ गरिरहेको बेला सुमार्गीमाथि पनि अनुसन्धान अघि बढाइएको हो । रास्वपाको सरकारले भ्रष्टाचार निमूल पार्ने र कारवाहीको दायरामा ल्याउने प्रतिबद्धता जनाउँदै प्रतिनिधि सभामा करिब दुई तिहाईको नजिक सिट पाएको छ ।

चैत १५ गते पूर्व ऊर्जामन्त्री दीपक खड्कालाई सम्पत्ति शुद्धीकरण कसुरमा पकाउ गरी अनुसन्धान अघि बढाइसकिएको छ । सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले अनुसन्धान गरी सिआइबीलाई फाइल बुझाए भइलाई पकाउ गराई थप अनुसन्धान अघि बढाएपछि अब सुमार्गीमाथि छानविन थप तीव्र पारिएको छ । पछिल्लो समय सुमार्गी आर्थिक हिसाबले थलिएको भए पनि उनले धेरै ठाउँमा सम्पत्ति जोडेको र त्यो सम्पत्तिको खोज खोजिरहेको विभागले जनाएको छ । सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको पाँच अनुसन्धान अधिकृतको टोलीले सुमार्गीको सम्पत्तिमाथि छानविन गरिरहेको जनाइएको छ ।

साना तथा मझौला उद्योगलाई राष्ट्र बैंकको राहत: ३ करोडसम्मको कर्जामा जोखिम भार घट्यो

सन्देश संवाददाता

काठमाडौं/ नेपाल राष्ट्र बैंकले सरकारको सय दिने कार्ययोजनालाई कार्यान्वयन गर्ने क्रममा साना तथा मझौला उद्योग क्षेत्रमा प्रवाह हुने कर्जाको नीतिमा परिमार्जन गरेको छ । केन्द्रीय बैंकले एकीकृत निर्देशनमा संशोधन गर्दै कृषि, सूचना प्रविधि र उत्पादनमूलक उद्योगमा जाने ३ करोड रुपैयाँसम्मको कर्जालाई प्रोत्साहन गर्न यस्तो सहुलियतपूर्ण व्यवस्था गरेको हो ।

नयाँ व्यवस्था अनुसार अब यी क्षेत्रमा प्रवाह हुने साना तथा मझौला उद्योग कर्जाको जोखिम भारलाई घटाएर ६० प्रतिशत कायम गरिएको छ । यसअघि यस्ता कर्जाको जोखिम भार बढी हुँदा बैंक तथा वित्तीय संस्थाहरूले धेरै पुँजी व्यवस्थापन गर्नुपर्ने बाध्यता थियो । अब जोखिम भार घटाइएपछि बैंकहरूको पुँजी कोषमा परेको दबाव कम भई उनीहरूले साना उद्यमीहरूलाई थप ऋण प्रवाह गर्न सक्ने क्षमतामा वृद्धि हुने देखिएको छ ।

तर, राष्ट्र बैंकले यो सुविधा प्राप्त गर्नका लागि केही अनिवार्य सर्तहरू समेत तोकेको छ । जसअनुसार सम्बन्धित कर्जाको अनिवार्य रूपमा आयोजना वा परियोजना बीमा गरिएको हुनुपर्नेछ । त्यसैगरी, त्यस्तो कर्जा निक्षेप तथा कर्जा सुरक्षण कोषबाट सुरक्षित भएको हुनुपर्ने वा धितो राखिएको घर जग्गाको प्रचलित बजार मूल्यमा कम्तीमा २५ प्रतिशतको अन्तर कायम भएको हुनुपर्ने प्रावधान राखिएको छ ।

यी मापदण्डहरू पुरा भएका ३ करोड रुपैयाँसम्मका कर्जालाई मात्र यो सहुलियतपूर्ण जोखिम भारको लाभ पाउनेछन् । विशेष गरी कृषिजन्य उद्योग, सफ्टवेयर विकास तथा प्रविधिमा आधारित सेवा र स्थानीय कच्चा पदार्थ प्रयोग गर्ने उत्पादनमूलक कारखानाहरू यस व्यवस्थाबाट प्रत्यक्ष लाभान्वित हुनेछन् ।

जोखिम भारमा गरिएको यो कटौतीले बैंक तथा वित्तीय संस्थाहरूलाई पुँजीगत व्यवस्थापनमा ठूलो राहत दिने राष्ट्र बैंकका कार्यकारी निर्देशक रामु पौडेलले बताए । उनका अनुसार यस कदमले विशेष गरी उत्पादनशील क्षेत्रमा लगानी बढाउन, आन्तरिक उत्पादनलाई थप सबल बनाउन र बजारमा रहेको वर्तमान आर्थिक सुस्ततालाई चिर्न महत्त्वपूर्ण भूमिका खेल्नेछ ।

'सरकारको सय दिने कार्ययोजनालाई सघाउन र उत्पादनशील क्षेत्रमा कर्जा विस्तार गर्न यो नीति ल्याइएको हो । जोखिम भारमा गरिएको यो कटौतीले बैंकहरूलाई साना उद्यमीमाझ पुरन थप प्रोत्साहन मिल्नेछ ।' साना व्यवसायीहरूलाई सहज रूपमा वित्तीय पहुँच पुऱ्याई स्थानीय तहमा रोजगारी सिर्जना गर्ने सरकारको लक्ष्यलाई यसले प्रत्यक्ष सहयोग पुऱ्याउने विश्वास उनको छ ।

विदा पायौं भनेर घुम्न नजानुस्, इन्धन खपतमा सजग रहौं: आयल निगम

काठमाडौं/नेपाल आयल निगमले इन्धन खपतप्रति सचेत हुन उपभोक्तालाई आग्रह गरेको छ । मन्त्रिपरिषदको आज बसेको बैठकले सोमवारदेखि शनिवार र आइतबार विदा दिने निर्णयलाई उपभोक्ताले सहयोग गर्नुपर्ने निगमका प्रवक्ता मनोज ठाकुरले बताए ।

"विदा पायौं भनेर गाडी निकालेर घुम्न जानुभएन । जसरी भए पनि इन्धन खपत कम गर्नें हो । यसमा जनताको पनि योगदान चाहिन्छ", प्रवक्ता ठाकुरले भने, "अहिले निगमलाई प्रतिलिटरमा १२० रुपैयाँ घाटा भइरहेको छ । सरकारको इन्धन खपत कम गर्ने विदा दिने निर्णय सकारात्मक छ । उपभोक्ताले पनि खपतमा सचेत हुँदै अति आवश्यकबाहेक काम क्रियाकलापमा इन्धन खपत गर्नु भएन ।"

पेट्रोलियम पदार्थको आपूर्ति संकट दिनप्रतिदिन बढ्दै गएपछि आइतबारको मन्त्रिपरिषद् बैठकले सोमबारदेखि लागू हुने गरी सरकारी कार्यालय तथा सम्पूर्ण शैक्षिक संस्थालाई दुई दिन विदा दिने निर्णय गरेको हो ।

इन्धन खपत कम गर्न डिजेल तथा पेट्रोल प्रयोग गर्ने गाडीलाई विद्युतीय सवारी साधन परिवर्तन गर्न कानुनी सुधार गर्ने सरकारको निर्णयबारे सरकारका प्रवक्ता एवं शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले जानकारी दिए ।

निगमको तथ्याङ्कअनुसार देशभर हरेक दिन २५ लाख लिटर पेट्रोल र ५० लाख लिटर डिजेल खपत हुँदै आएको छ । निगमका प्रवक्ता ठाकुर सरकारको यो निर्णयले इन्धन सङ्कट कम गर्न कति योगदान पुग्छ भन्ने यकिन गर्न आगामी एक हप्ता कुर्न पर्ने बताउँछन् ।

"बजारको माग बुझ्न केही समय लाग्छ, तर यसको प्रभाव पक्कै देखिन्छ", उनले भने, "धेरै विद्यालय निजी छन् । तिनले सवारीसाधनबाट ठूलो मात्रामा इन्धन खपत भइरहेको छ । साथै एसइई परीक्षा जारी र हेकाले सवारीसाधनको प्रयोग अझै उच्च छ । परीक्षा सकिएपछि खपतको यकिन तथ्याङ्क आउछ ।"

अध्यक्ष ओली र नेता लेखकको रिट हेर्दाहिर्दैमा

सन्देश संवाददाता

काठमाडौं, सर्वोच्च अदालतले नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओली एवं पूर्वप्रधानमन्त्री तथा नेपाली कांग्रेसका नेता एवं पूर्व गृहमन्त्री रमेश लेखकलाई थुनामुक्त मागं गर्दै दायर गरेको बन्दीप्रत्यक्षीकरणको रिट निवेदनमा हेर्दाहिर्दैमा सोमबार सुनुवाइ हुने भएको छ ।

न्यायाधीश विनोद शर्मा र सुनिलकुमार पोखरेलले आज सुनुवाइ सुरू गर्दागर्दै समय नभ्याएका कारण सोमबार सुनुवाइ हुने अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाले जानकारी दिनुभयो । अध्यक्ष ओलीकी पत्नी राधिका शाक्य र नेता लेखककी पत्नी यशोदा लेखकले यही चैत १५ गते गैरकानुनी थुनामा राखिएको उल्लेख गर्दै थुनामुक्त गर्न माग गर्दै बन्दीप्रत्यक्षीकरणको रिट निवेदन दायर गर्नुभएको थियो ।

यसअघि, न्यायाधीश मेघराज पोखरेलको इजलासले अध्यक्ष ओली र न्यायाधीश कुमार रेग्मीको इजलासले नेता लेखकको यही चैत १६ गते बन्दीप्रत्यक्षीकरणको रिट निवेदनमा कारण देखाउ आदेश गरेको थियो । रिट निवेदनमा गत भदौ २३ र २४ गतेको घटनासम्बन्धी जाँचबुझ आयोगको प्रतिवेदनको सिफारिसका आधारमा पकाउ गर्नु र थुनामा राख्नु गैरकानुनी भएको उल्लेख गरिएको छ । रिट निवेदनमा कुनै पनि जाँचबुझ आयोगले प्रतिवेदनकै आधारमा सिधै पकाउ गर्ने कुरा कानुनसम्मत उल्लेख छ ।

ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडाको पुरानो लोकप्रिय **ब्लु हेवन टेलर्स** सडक बिस्तारका क्रममा मेनरोडबाट कान्तिराजपथको **शाक्य प्लाजा** मा सरेको जानकारी गराउंदछौं ।

सदाझै यहांहरुको माया र सदभाव पाईरहने आशासमेत गरेका छौं ।

चालु फेन्सी पसल बिक्रीमा

हेटौंडा-४ स्कूलरोडमा रहेको अति चालु अवस्थाको जेन्स फेन्सी पसल विशेष कारणले बिक्री गर्न लागेकोले इच्छुक खरिदकर्ताले सिधै सम्पर्क राख्नुहोला ।

सम्पर्क :

९८४५०३१७८६, ९८२११४००२२

आकर्षक घडेरी बिक्रीमा

हेटौंडा-२, जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट करिब २०० मिटर पुर्वतर्फ वनस्खण्डी टोलमा रहेको १३ धुरको २ टुक्रा घडेरी बिक्रीमा छ । इच्छुक खरिद कर्ता महानुभावले सम्पर्क गर्नु होला । आधा नगद र आधा हेटौंडा नजिकको जग्गासंग साट्नसमेत सकिनेछ ।

सम्पर्क नम्बर : ९८४५१२३३६६

आकर्षक जग्गा बिक्रीमा

हेटौंडा उपमहानगरपालिका वडा नं. ८ कमाने फायरलाईनसँगै जोडिएको, सडक छेउमा रहेको ५ कठ्ठा (टुक्र्याउन सकिने) र हेटौंडा रिगल रिसोर्ट बाहिर रहेको १ कठ्ठा आकर्षक तुरुन्त बिक्रीमा छ । इच्छुक खरिदकर्ताले तुरुन्त सम्पर्क गर्नु होला ।

सम्पर्क : ९८४५९७८३५८, ९८४५०३१२१७

प्रकाशक: केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देश दैनिकका लागि प्रकाशित/मुद्रित: सन्देश छापाखाना ।। कार्यालय: हेटौंडा-१ मानस चोक ।। फोन: ०५७-५२१२३७, ५२१४३६, ।। E-mail: htd.sandesh@gmail.com, ।। सम्पादक: माधव न्यौपाने